अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : १४ / २०८३ कातिक १३ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Oct. 30, 2026 / मूल्य रू. १०/-

सम्भव होला एमाले र नेकपाबीचको सहकार्य ?

काठमाडौं । २०८२ फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा नराम्रोसँग पराजित भएका पुराना दलहरु नेपाली कांग्रेस, नेकपा एमाले, नेपाल कम्युनिष्ट पार्टी, राप्रपा, जसपा लगायतका दलहरु पछिल्लो समयमा पार्टीगत कार्यका लागि सक्रिय हुन थालेका छन् ।

नेपाली कांग्रेसले १५ औं महाधिवेशन गरेर गगन थापालाई सभापतिमा निर्वाचित गरेपनि शेरबहादुर देउवा पक्ष १५ औं महाधिवेशनमा सहभागि नभएको हुनाले कांग्रेस विभाजनको मुखमा पुगेको छ भने देउवा पक्षले समेत मंसिरमा १५ औं महाविधेशन गर्ने मिति नै तोकिसकेको र त्यहीअनुरूप अघि बढेको छ ।

नेकपा एमालेले केन्द्रीय समिति, स्थायी समितिको बैठक सम्पन्न गरेर आउँदो प्रदेश सभाको निर्वाचन र स्थानीय तहको निर्वाचनको

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

प्रतिशोधको राजनीतिको अन्त्य पनि प्रतिशोधबाटै हुन्छ ?

जनतालाई एक पटक झुक्याउन सकिन्छ, सँधैभरीलाई होइन ए बालेन सरकार !

देवेन्द्र चुडाल

काठमाडौं । २०८२ भाद्र २३ गते भएको जेनजनीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गरेर भाद्र २४ गते मुलुकभरमै विध्वसात्मक कार्य गरियो । सो दिन सरकारी भवन सिंहदबार, सर्बोच्च अदालत, राष्ट्रपतिको कार्यालय, संसद भवनलगायत अन्य धेरै सरकारी कार्यालयमा आगजनी भयो भने सिंहदरबारको सुरक्षाका लागि सिंहदरबार भित्रै रहेको नेपाली सेनाले समेत आगजनी गर्न आएका आन्दोलनकारीहरूलाई रोक्ने प्रयाससम्म गरेको देखिएन । त्यहाँ रहेका सेनाहरु सिंहदरबार गेटमा उपस्थित भएका भए सिंहदरबारमा आगजनी हुन सक्ने अवस्था रहँदैन थियो ।

सिंहदरबारमा आगजनी भएपनि काठमाडौ महानगरमा रहेका दमकलहरु समेत आगो निभाउने कार्यमा प्रयोग भएनन् आखिरी किन ? सिंहदरबारमा आगजनी हुँदा काठमाडौ महानगरका मेयरमा हालका प्रधानमन्त्री बालेन साह नै थिए बालेन साहले नै २०८२ भाद्र २३ गते भन्दा अगाडि नै सिहंदरबारमा आगो लगाईदिन्छु भन्ने स्टाटस लेखेका थिए । साहकी श्रीमती सवार गाडीलाई ट्राफिक प्रहरीले चेकजाँच गरेको भन्दै त्यस्तो स्टाटस लेखेका थिए । सिंहदरबारमा आगजनी भयो तर काठमाडौ महानगरको नियन्त्रणमा रहेको दमकल आगो निभाउन प्रयोग नै भएनन् किनभने मेयर साहले आगो निभाउन दमकल प्रयोग गर्न अनुमति नै नदिएको समाचारहरु त्यसैबेला नै प्रकाशित र प्रसारित भएका थिए ।

भाद्र २३ गतेको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने सुधन गुरूङले नै जिल्ला प्रशासन कार्यालय काठमाडौमा भाद्र २३ गते जेनजीहरूले विरोध प्रदर्शन गर्ने भनेर अनुमति मागेका थिए तर उनले आफूँ कुनै पार्टीका नेता नभएको र पानी बाँड्न मात्र आएको बताउँदै सरासर झुठ बोलेका थिए । भाद्र २४ गतेको विध्वसात्मक कार्यमा रास्वपाका धेरै नेता तथा कार्यकर्ताहरु लगायत गुरूङ नै अध्यक्ष रहेको हामी नेपाली नामक संस्थाका व्यक्तिहरु समेत सहभागि भएका थिए भने हातमा टीओबी लेखिएका व्यक्तिहरु समेत भाद्र २३ र २४ गतेको विरोध कार्यमा संलग्न रहेका थिए ।

२०८२ भाद्र २७ मा संविधानको उल्लंघन गर्दै सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीको नेतृत्वमा सरकार गठन गरियो । कार्की सरकार

>>> बाँकी ८ पेजमा

आलोचना गर्नु अपराध होइन

काठमाडौ । पछिल्लो समयमा सामाजिक सञ्जाल नागरिकको विचार व्यक्त गर्न पाउने महत्वपूर्ण साधन बन्दै गएको छ । सरकारका काम कारबाही र सरकारले गर्ने गलत निर्णयहरूको विरोध गर्न पाउनु नागरिकको अधिकार हो । भ्रष्टाचारको विरोध गरेर जनतामा जानकारी गराउने र सार्वजनिक सरोकारको विषयमा जनमत सिर्जना गर्ने महत्वपूर्ण साधनका रूपमा सामाजिक सञ्जाललाई लिन सकिन्छ ।

तर पछिल्लो समयमा सामाजिक सञ्जालमा आफ्ना अभिव्यक्ति लेखेकै कारण साइबर अपराधमा कारबाही गर्न कुनै सर्तमा पनि उपर्युक्त हुन सक्दैन । सञ्चारमाध्यममा आएका विषयहरु र सामाजिक सञ्जालमा लेखिएका विषयहरु अलग अलग हुन् । छापामाध्यम, अनलाइन,

>>> बाँकी ८ पेजमा

बालेन साह आफ्नै कारणले एक्लिन सक्छन् ?

काठमाडौं । दशैं सकियो आ–आफ्नो औकात अनुसार नेपालीले यो महत्वपूर्ण महान् पर्व मनाए । दशैंको यो रिमझिम तिहारसम्म रहन्छ । तिहारपछि मात्र नेपाली जनताको जीवन सामान्य अवस्थामा जान्छ । नेपाली जनताको जीवनस्तर हेर्दा हाम्रा गाउँ घरमा भनिने एउटा नारा छ आयो दशैं ढोल बजाई गयो दशैं ऋण बोकाई । यो ऋणको बोझबाट नेपाली जनता उम्किन सकेका छैनन् ।

यो भनाई हामीले बर्षौंवर्ष देखि सुन्दै आएको हौं । तर पनि यो भनाई अहिले पनि उत्तिकै सान्दर्भिक रहेको छ । यस पटक रसुवा गढीमा आएको बाढी पहिरो र गोरखामा गएको बाढी पहिरोका कारण नेपाली जनताले खल्ला मनले दशैं मनाएका छन् । यस बाढी पहिरोका कारण जनता झन् विपन्न अवस्थामा पुगेका छन् । त्यही

>>> बाँकी ८ पेजमा

जनताले भन्न थाले जुन जोगि आएपनि कानै चिरेको भनेर

काठमाडौं । २०८२ भाद्र २३ र २४ गतेको घटनापछि २०८२ फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत ल्याएर सरकारको नेतृत्वमा पुगेको रास्वपाका नेताहरूले आफ्ना जोसलाई विकास निर्माणको शक्तिमा बदल्न सकेका छैनन् । उनीहरु आफ्नै भित्र खुम्चिएका छन् भने धेरै सांसदहरु विवादको घेरामा परेका हुनाले जनताले जुनजोगी आएपनि कानै चिरेको भन्न थालेका छन् । रास्वपाका संसदीय दलका नेता तथा प्रधानमन्त्री बालेन साह आफैँमा खुम्चिएका छन् ।

रास्वपाका संस्थापक नेता तथा सभापति रवि लामिछाने स साना कुरामा अल्मलिँदै आएका छन् । प्रधानमन्त्री बालेन संसदीय र शासकीय नियमहरूको घेरामा बस्न चाहँदैनन् । राजनीतिमा आएर प्रधानमन्त्री बनिसकेपछि त्यो पदसँग जोडिएर आएका नियम र कानुनको पालना उनले गर्नैपर्दछ । आफैँलाई प्रधानमन्त्री बनाउने संसदलाई समेत उनले वेवास्ता गर्दै आएका हुनाले प्रमुख विपक्षी दललगायतका दलहरूले प्रधानमन्त्रीको व्यवहार र कार्यशैलीको विरोध गर्दै आएका छन् ।

लोकतान्त्रिश शासनको बल व्यक्तिमा होइन संस्थामा हुनुपर्ने विश्वव्यापी मान्यतालाई प्रधानमन्त्री बालेनले अस्वीकार गर्दै सबै अधिकार व्यक्तिमा केन्द्रीत गरेको हुनाले लोकतान्त्रिक व्यवस्थाकै धज्जी उडाइएको छ । नेपालले

>>> बाँकी ६ पेजमा

आनी नियुक्ति प्रकरणमा सरकारको नियत के ?

काठमाडौं । जान्नेलाई छान्ने भन्ने नारा दिएको रास्वपा नेतृत्वको बालेन सरकारले लुम्बिनी विकास कोषको उपाध्यक्षमा गायिका आनी छोइङ डोल्मालाई गत असोज ३० गते नियुक्त गर्ने निर्णय गरेपश्चात् त्यसको व्यापक विरोध भएको छ । आनीको व्यक्तिगत विवरणलाई समेत प्रश्न उठाउँदै उनको नियुक्ति बदर गर्नुपर्ने माग उठेको छ ।

आनीको नियुक्तिको विरोध गर्दै लुम्बिनी बचाउ महाअभियान समिति नै गठन गरेर विरोध भैरहेको छ । आनीको नियुक्तिको भोलीपल्ट नै आसोज ३१ गते बाटै विरोधका कार्यक्रमहरु सुरू गर्दै आनीको नियुक्ति बदर नभएसम्म विरोधका कार्यक्रमहरु सञ्चालन भै रहने सो समितिले बताएको छ । लुम्बिनीका स्थानीयसँगै

विभिन्न क्षेत्रका अगुवाहरूले नियुक्तिको विरोध गर्दै तत्काल नियुक्ति खारेज गर्ने माग गर्दै आएका भएपनि सरकार भने मौन रहेको छ ।

नियुक्तिको विरोध गर्नेहरूले सरकारले हुकुमी शैलीमा नियुक्ति गरेको भन्दै आफूहरु बाध्य भएर विरोधमा उत्रिएको अभियानमा संलग्न भएका अगुवाहरूले बताउँदै आएका छन् । आनीले लेखेको आफ्नो आत्मकथामा फुलको आँखामा उनको मातापिता तिब्बती शरणार्थीका रूपमा नेपाल आएको उल्लेख गरेको विषय उठाउँदै अभियानले उनको नागरिकताको बैधानिकतामाथि समेत प्रश्न उठाएको छ । नक्कली बाबु खडा गरेर किर्ते विवरणको बंशजको नेपाली नागरिकता लिएको आरोप पनि सार्वजनिक भएको भन्दै यस विषयमा पनि स्पष्टता आवश्यक रहेको अभियानले बताएको छ । नवनियुक्ति आनीले भने आफ छिट्टै लुम्बिनी गएर पदबहाली गर्ने बताइरहेका बेला उनीमाथिको

>>> बाँकी ८ पेजमा

भोटेकोशी बाढी पिडितको पुर्नस्थापना अनिश्चित !

काठमाडौ । गत भाद्र १० गते भएको रसुवा बाढी पहिरोमा परेर जोखिमपूर्ण अवस्थामा रहेका बाढी पहिरो पिडितहरूलाई पुर्नस्थापना गर्ने सरकारको निर्णय अनिशित जस्तै देखिएको छ । सरकारले मासिक घरभाडा, सहायता र अस्थायी आवासको व्यवस्था अघि बढाएको दाबी र प्रचार प्रसार गराएको भएपनि प्रभावित क्षेत्रका जनप्रतिनिधिहरु नै सरकारको उक्त निर्णयका बारेमा अनविज्ञ रहेको बताउँदै आएका छन् । जोखिमपूर्ण क्षेत्रमा बस्न नदिने सरकारी निर्णयबीच विस्थापितहरु आफ्ना पुरानै घरमा फर्किन बाध्य भएका हाम्रा प्रतिनिधिहरूले बताएका छन् । बाढीपछि करिब दुई महिना पछि बाढी पिडितहरु आर्थिक समस्यामा परेका हुनाले पुरानै घरमा फर्किन

बाध्य भएको बताउँदै आएका छन् ।

भोटेकाशीमा बाढी गएको दुई महिता वितिसक्दा पनि विस्थापितको पुर्नस्थापा अनिश्चित भएपछि पिडितहरु बाध्य भएर आ आफ्नै भू–भागमा फर्किन थालेका छन् । संघीय सरकारले भने मासिक घरभाडा, सहायता, अस्थायी आवास निर्माण र सुरक्षित जग्गा पहिचानको काम अघि बढाएको बताउँदै आएको छ । तर प्रभावित क्षेत्रका स्थानीय जनपतिनिधि र विस्थापितहरूले भने संघ सरकारको निर्णय कार्यान्यन नभएको गुनासो गरिरहेका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थान प्राधिकरणको असोज ३० गतेको

>>> बाँकी ८ पेजमा

विज्ञापन विभेद रोक्ने फैसला अविलम्ब कार्यान्वयन गर्न निर्देशन

काठमाडौं । सरकारी विज्ञापनमा विभेद विरूद्धको फैसला 'अविलम्ब कार्यान्वयन गर्न' सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयले सरकारलाई निर्देशन दिएको छ । सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयले सो फैसला अविलम्ब कार्यान्वयन गरी कार्यान्वयनको जानकारी निर्देशनालयलाई गराउन पनि पत्रमा भनिएको छ ।

असार ३० को फैसला कार्यान्वयनको माग गर्दै दायर गरिएको निवेदन उपरको कारबाहीमा फैसला कार्यान्वयन निर्देशनालयले उक्त निर्देशन दिएको निवेदक अधिवक्ता अनन्तराज लुईंटेलले जानकारी दिए ।

सर्वोच्च अदालतका न्यायाधीशद्धय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले

>>> बाँकी ८ पेजमा

Divergence of interests?

Majid Nabi Burfat

The Middle East is witnessing a dangerous escalation as Yemen's Houthi movement intensifies its attacks on Saudi Arabia, bringing the security of major aviation hubs and critical infrastructure into sharp focus. Recent missile and drone strikes on King Khalid International Airport in Riyadh have caused civilian casualties and widespread disruption to air travel, raising serious questions about Saudi Arabia's air-defence capabilities and the vulnerability of its economic ambitions. The attacks also revive a broader geopolitical question: while Washington and the Houthis have previously reached an Oman-mediated ceasefire, could their competing strategic interests be reshaping the USA's security relationship with Riyadh?

To understand this emerging crisis, one must examine the military calculations behind the attacks, their potential ecoas the USA made an under-the-table deal with the Houthis?nomic consequences, and the diplomatic manoeuvring surrounding the Red Sea and the Arabian Peninsula.

The Houthi campaign against Saudi Arabia's airports and other critical infrastructure can be understood through three strategic considerations.

First, attacks on airports can serve as a means of retaliation and political coercion. The Houthis have long opposed Saudi military intervention in Yemen and restrictions affecting areas under their control, including those associated with Sana'a International Airport. By threatening Saudi aviation infrastructure, they can attempt to impose costs on Riyadh and signal that the conflict cannot be contained within Yemen's borders. Whether this represents a formally articulated "airport-for-airport" doctrine, however, requires direct evidence from Houthi statements.

Until a durable political settlement reduces the incentives for continued escalation, Saudi Arabia's airports, economic infrastructure and international ambitions will remain exposed to the risks of asymmetric warfare.

Second, the attacks threaten the economic foundations of Saudi Arabia's Vision 2030 programme. Under Crown Prince Mohammed bin Salman, the Kingdom has invested heavily in transforming itself into a global centre for business, tourism, logistics and international investment. These ambitions depend substantially on perceptions of security and stability. Repeated attacks on Riyadh's airport could undermine investor confidence, disrupt international travel and complicate efforts to attract global businesses and visitors. Even when military targets are not the primary objective, the economic and psychological consequences of threatening civilian aviation can be considerable.

Third, the attacks expose the challenges of defending critical infrastructure against asymmetric warfare. Saudi Arabia operates advanced air-defence systems, including US-made Patriot and THAAD platforms. Nevertheless, sophisticated defensive equipment cannot guarantee the interception of every incoming threat, particularly when defenders must protect a wide geographical area against different types of missiles and drones. The cost of intercepting relatively inexpensive drones can also create an unfavourable economic equation for the defending side. Although saturation tactics are a recognised concern in modern warfare, claims that a particular combination of drones and missiles overwhelmed Saudi radar or interception systems should be supported by operational evidence. Beyond the military confrontation lies a more complicated diplomatic question: what do Washington's previous dealings with the Houthis reveal about its priorities in the region?

In May 2025, Oman announced a ceasefire agreement between the USA and the Houthis following diplomatic contacts aimed at reducing escalation and protecting international shipping. The publicly stated arrangement provided that neither side would target the other, including US vessels in the Red Sea and Bab al-Mandeb Strait. The agreement was therefore not secret, although the extent of the negotiations and the strategic calculations behind them merit continued scrutiny.

That distinction is important. A diplomatic understanding designed to protect US shipping does not, by itself, establish that Washington made a parallel commitment to leave Saudi Arabia exposed to Houthi attacks. Nor does it prove that the Houthis received informal recognition in exchange for restraining their operations against US interests.

Nevertheless, the episode illustrates a fundamental feature of international politics: major powers frequently pursue limited agreements to protect their immediate interests, even when their regional partners have broader security concerns.

For Washington, safeguarding maritime trade, protecting its personnel and avoiding an open-ended military commitment are important strategic considerations. For Riyadh, the priorities are different but overlapping: defending its territory, securing its infrastructure and preventing the Yemen conflict from threatening its economic transformation. These interests may align in some circumstances and diverge in others.

The latest attacks have consequently intensified the question of how far Saudi Arabia can rely on external security partnerships during a rapidly changing regional crisis. The issue is not necessarily that the USA has abandoned its ally, but that an alliance does not automatically guarantee identical threat perceptions, military commitments or responses to every escalation.

Saudi Arabia must therefore consider a combination of credible deterrence, stronger air defence coordination, regional diplomacy and sustained efforts to address the underlying conflict in Yemen. Military retaliation alone may impose costs on the Houthis, but without a viable political settlement, it may also perpetuate the cycle of attack and counterattack.

Ultimately, the crisis extends beyond the security of an individual airport. It concerns the resilience of Saudi Arabia's economic ambitions, the reliability of regional security partnerships and the future of maritime stability around one of the world's most strategically important waterways.

The central question is not simply whether a secret US-Houthi deal exists. It is whether Washington's efforts to protect its own interests can be reconciled with Saudi Arabia's demand for reliable security— or whether the growing divergence between those priorities will force Riyadh to reconsider the foundations of its regional strategy.

Until a durable political settlement reduces the incentives for continued escalation, Saudi Arabia's airports, economic infrastructure and international ambitions will remain exposed to the risks of asymmetric warfare.

भोटेकोशी बाढीको क्षतिबारे योजना आयोगको प्रतिवेदन : निजी भवन र व्यवसायमा ७९.१७ अर्बको क्षति

काठमाडौं । १० भदौमा आएको भोटेकोशी-त्रिशूली नदीको बाढीबाट निजी घरपरिवार र व्यावसायिक प्रतिष्ठानमा ७९ अर्ब १७ करोड रूपैयाँबराबरको क्षति भएको सर्वेक्षणले देखाएको छ । राष्ट्रिय योजना आयोगले तयार गरेको बाढी प्रभावित घरपरिवार तथा व्यावसायिक प्रतिष्ठानसँग सम्बन्धित सर्वेक्षणको प्रारम्भिक प्रतिवेदनले सोबराबरको क्षति आकलन गरेको हो । बाढीबाट निजी घरपरिवारतर्फ मात्रै ६९ अर्ब ५७ करोड रूपैयाँको क्षति भएको छ । त्यस्तै, व्यवसाय तथा प्रतिष्ठानतर्फ नौ अर्ब ६० करोड रूपैयाँको क्षति भएको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनअनुसार बाढीले ३५ अर्ब ४४ करोडबराबरको ५०७.९७ हेक्टर जमिन क्षतिग्रस्त गराएको छ । यो जग्गामा ३६ सय १० परिवारको स्वामित्व थियो । त्यस्तै, घरतर्फ भने २५ अर्ब २१ करोड रूपैयाँबराबरको क्षति भएको प्रारम्भिक विवरण छ । त्यसमा घर भएको जग्गा (५४.६५ हेक्टर क्षेत्रफल)को क्षति १३ अर्ब २६ करोड रूपैयाँ मूल्यांकन गरिएको छ । घरमा भएको क्षति (निर्माण लागत) भने ११ अर्ब ९५ करोड रूपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी बहुमूल्य, सांस्कृतिक तथा पुरातात्विक वस्तुमा पाँच अर्ब दुई करोड रूपैयाँबराबरको क्षति भएको प्रतिवेदनमा उल्लेख छ । २३ सय ३० परिवारको बहुमूल्य, सांस्कृतिक तथा पुरातात्विक वस्तु बाढीबाट प्रभावित भएको छ । यस्तै, ११ सय १५ घरपरिवारले प्रयोग गर्ने सवारीसाधनमा भने एक अर्ब २४ करोड रूपैयाँको क्षति भएको प्रतिवेदनमा उल्लेख छ ।यसैगरी, स्थायी प्रकृतिका घरायसी वस्तुमा ३१ सय ८७ परिवारको एक अर्ब ४५ करोड रूपैयाँ र अस्थायी प्रकृतिका घरायसी वस्तुमा २७ सय ६९ परिवारको ६६ करोड ३५ लाख रूपैयाँबराबरको क्षति भएको छ ।

यसैगरी खेतबारीमा भएको बालीमा २ ९ सय ५१ परिवारको २३ करोड २१ लाख रूपैयाँ, भण्डारमा भएको खाद्याङ्कमा १८ सय ७६ परिवारको १० करोड ४१ लाख रूपैयाँ र पशुपक्षी तथा माछामा एक सय ११ परिवारको २१ करोड ४२ लाख रूपैयाँ क्षति भएको छ । योबाहेक व्यवसाय तथा प्रतिष्ठानतर्फ नौ अर्ब ६० करोड क्षति भएको छ । यसरी घरपरिवार र व्यावसायिक प्रतिष्ठानमा गरेर कुल ७९ अर्ब १७ करोड रूपैयाँ क्षति भएको छ ।

प्रतिवेदनअनुसार बाढीबाट ६ हजार आठ सय १७ घरपरिवार प्रभावित भएका छन् । रसुवामा १९ सय २०, नुवाकोटमा ३८ सय ४१, गोरखामा एक सय आठ र धादिङमा नौ सय ४८ घरपरिवार बाढीबाट प्रभावित भएको तथ्यांक छ ।बाढीबाट चार जिल्लाका १८ सय ३८ वटा व्यावसायिक प्रतिष्ठान प्रभावित भएका छन् । त्यसमा थोक तथा खुद्रा व्यापारका सात सय ७४ वटा व्यवसाय प्रभावित भएका छन् । यसैगरी आवास तथा खाद्य सेवाका तीन सय ३७ वटा व्यवसाय प्रभावित भएको प्रतिवेदनमा उल्लेख छ । कृषि, वन तथा मत्स्यपालनतर्फ एक सय ६६ वटा व्यवसाय प्रभावित भएको प्रतिवेदनमा उल्लेख छ । यस्तै, औद्योगिक उत्पादनका ७०, यातायात तथा भण्डारणका ३१ र निर्माणका ४७ वटा व्यवसाय बाढीबाट प्रभावित भएका छन् । यस्तै, खानी तथा उत्खननका ११, विद्युत, ग्यास तथा पानीका एक, सञ्चार तथा सूचना प्रविधिका सात र वित्तीय सेवाका १७ व्यवसाय प्रभावित भएका छन् । प्रतिवेदनअनुसार बाढीबाट ३२ हजार आठ सय ७२ जना प्रत्यक्ष रूपमा प्रभावित भएका छन् । धादिङमा चार हजार पाँच सय ८४, गोरखामा ६ सय ५८, नुवाकोटमा १७ हजार नौ सय ५४ र रसुवामा नौ हजार ६ सय ७६ जना बाढीबाट प्रभावित भएका छन् । प्रभावितमध्ये १६ हजार सात सय १४ पुरूष र १६ हजार ८० महिला रहेका छन् ।

आयोगको सर्वेक्षणले बाढीबाट प्रभावित घरको संख्या भने कम देखाएको छ । यसअघि राष्ट्रिय विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गरेको प्रारम्भिक अध्ययनमा सात हजार पाँच सय ७० घर प्रभावित भएको देखिएको थियो । आयोगको सर्वेक्षणले भने तीन हजार ६७ घरधनीका ४१ सय ५१ घर बाढीमा परेको देखाएको छ । पहिला अनुमान गरेभन्दा ३४ सय १९ कम घर प्रभावित भएको देखिएको छ ।

त्यसमा रसुवामा आठ सय ८२ घरधनीका १२ सय ३६ वटा, नुवाकोटमा १६ सय ८६ घरधनीका २२ सय ५६ र धादिङमा चार सय ८० घरधनीका ६ सय ३० वटा र गोरखामा १९ घरधनीका २९ वटा भवन संरचनामा क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनअनुसार दुई हजार नौ सय ८९ (७२.०१) भवन संरचना बाढीबाट पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । एक सय ४१ (३.४ प्रतिशत) संरचना ढल्किएर बसेका छन् । यसैगरी, ३०२ (७.२८ प्रतिशत) भवन आंशिक रूपमा क्षति भएका, पाँच सय आठ (१२.२४ प्रतिशत) भवन संरचना माटो तथा लेदोले पुरिएका र एक सय ९२ (४.६३ प्रतिशत) भवनमा सामान्य क्षति पुगेको देखिएको छ । बाँकी १९ (०.४६ प्रतिशत)वटा संरचनाको क्षतिको प्रकार उल्लेख गरिएको छैन ।

आयोगका सदस्य अर्जुनजंग थापाले सर्वेक्षणका क्रममा बाढीबाट प्रभावित घरधुरीको संख्या पहिले अनुमान गरिएको भन्दा कम देखिएको बताए । 'यसअघि स्ट्यालाइट इमेजका आधारमा प्रारम्भिक तथ्यांकन निकालिएको थियो । त्यसवेला साढे सात हजारभन्दा बढी घर बाढीबाट प्रभावित भएको अनुमान गरिएको थियो । स्ट्यालाइट इमेज देखिएका प्रतीक्षालय, गोठ, टनेलका भवन, बस स्टेसनलगायत सबैलाई घरका रूपमा गणना गरियो । त्यसले गर्दा त्यसवेला संख्या धेरै देखियो । तर, सर्वेक्षणका क्रममा फिल्डमै गएर वास्तविक पीडितसँग कुरा गरेर तथ्यांक संकलन गरिएको छ । त्यो क्रममा प्रभावित घरको संख्या पहिलाको भन्दा कम देखियो । क्षति रकम पनि अनुमान भन्दा कम देखियो,' उनले भने ।

आयोगले बाढीबाट घरमा क्षति पुगेका तीन हजार ६७ परिवारलाई भविष्यमा स्थायी बसोवासबारे प्रश्न गरेको थियो । त्यसमा सात सय ९७ (२५.९९ प्रतिशत) परिवारले बाढीअघिकै स्थानमा बस्ने चाहना व्यक्त गरेका छन् । त्यस्तै, पाँच सय ६५ (१८.४२ प्रतिशत) परिवारले जिल्लाभित्र आफ्नै स्वामित्वको अर्को जग्गामा बस्ने चाहना व्यक्त गरेका छन् भने १५९ (५.१८ प्रतिशत) परिवारले देशभित्रको आफ्नै स्वामित्वमा रहेको जग्गामा बस्ने विकल्प रोजेका छन् । सरकारले जग्गा उपलब्ध गराएमा सो स्थानमा बस्न चाहने परिवारको संख्या भने नौ सय ३९ (३०.६२ प्रतिशत) रहेको छ । त्यसैगरी, सरकारले सामूहिक आवासको व्यवस्था गरेमा सो स्थानमा बस्न चाहने भने पाँच सय ९० (१९.२४ प्रतिशत) परिवार छन् । भविष्यको स्थायी बसोवासका बारेमा उत्तर प्राप्त नभएका घरपरिवारको संख्या भने १७ छ ।

भोटेकोशी बाढीका कारण भएको क्षतिमा आएको बिमा दाबीमा बिमा कम्पनीहरूले ८२ करोड १३ लाख ९० हजार रूपैयाँ मात्रै अग्रिम भुक्तानी दिएका छन् । नेपाल बिमा प्राधिकरणले तयार गरेको असोज ३० सम्मको तथ्यांकले यस्तो देखाएको हो । बाढीका कारण हालसम्म निर्जीवन बिमाका १८ वटै कम्पनीमा २० अर्ब ९० करोड ४९ लाखबराबरका २४ सय ९१ वटा दाबी परेका छन् । त्यसमा हालसम्म ११ वटा कम्पनीले ८२ करोड १३ लाख ९० हजार रूपैयाँ अग्रिम भुक्तानी दिएका छन् । नेपाल बिमा प्राधिकरणले अनुमानित दाबी रकमको ५० प्रतिशत अग्रिभ भुक्तानी दिनुपर्ने भन्दै छुट्टै कार्यविधि ल्याएको छ ।

रास्वपा र बालेन सरकार, खोई परिवर्तन ?



• राजन कार्की
rajan2012karki@yahoo.com

कृषि, पर्यटन, जलश्रोत, श्रम शक्ति, छिमेकीको ठूलो बजार र डेढसय देशमा फैलिएका विशाल नेपाली समाज । यी ६ वटै क्षेत्रमा नेपालसँग पर्याप्त संभावना छ । त्यो सम्भाबना जनता र राष्ट्र किन रित्तो थाल ठटाउने अवस्थामा छ ? न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका कति सुसञ्चालन हुनसके ? जनताले जनादेश दिए, जनबल कायमै छ तर दुई तिहाइको सरकारले नतिजा दिन सकेको छैन । ७ महिना भयो, नतिजा आउँछ भन्ने विश्वास डगमगाएको अवस्था छ । परिवर्तन ल्याउँछु भन्ने रास्वपा र बालेन सरकारको कार्यकूशलता किन देखिएको छै ? ह्वाई नेशनस फेल भन्ने एउटा पुस्तक छ । (ध्जथ ल्बतष्यलक ँबषस्ि त्जभ इचष्नष्लक या एयधभच, एचयकउभचष्तथ, बलम एयखभचतथ, ाष्चकत उगदष्किजभम ष्ल द्दण्ज्ञद्द, ष्क ब दययप दथ त्गचपष्कज(ब्भचष्अबल भअयलयफष्कत म्बचयल बअभ्फयनगि बलम द्यचष्तष्कज(ब्भचष्अबल भअयलयफष्कत व्कभक ब। च्यदष्लकयल, धजय ष्ल द्दण्द्दद्ध वयष्लतथि चभअभष्खभम तजभ ल्यदभ िःफयचष्बि एचष्शभ०

यो पुस्तकमा प्रष्ट लेखिएको छ–कि कुनै मुलुकमा भएको श्रोत साधन उचित ढंगले जनतालाई फाइदा हुने तवरले प्रयोग गर्न सवभन्दा महत्वपूर्ण प्रथम आवश्यकता भनेको उच्चतम आर्थिक प्रतिष्ठान, प्रतिष्ठित नियम विधि स्थापना गर्ने हो । यस कार्यमा रास्वपा र बालेन सरकार सफल हुनसकेको छैन । हिजो पञ्चायतमा खोट थियो, गयो । बहुदलमा खोट थियो, गयो । सबै खोटको कारण राजतन्त्रलाई दिइयो, फालियो । लोकतन्त्र आयो । लोकतन्त्रमा जति खोट इतिहासमै देखिएन र जेनजी बिद्रोह भयो । त्यो विद्रोहपछि परिवर्तन ल्याउन आएको जेनजी सरकारले खोट मेट्न सकेको छैन ।

हो, भ्रष्टाचार घट्यो होला, इमान कायम छ । यतिले मात्र जनताको अपेक्षा पूरा हुँदैन । जनताले जनजीवनमा, राष्ट्रियतामा, सुशासनमा, समृद्धिमा परिवर्तन खोजेका छन् । त्यो दिन सके रास्वपा र बालेन सरकार सफल होला, अन्यथा यी पनि कानै चिरिएका जोगी हुनेछन् । देशको परिदृश्य हिजो के थियो आज कस्तोछ, मूल्याङ्कन गरौं– अहिले पनि टोल टोल, गाउँगाउँसम्म मेडिकल पसलहरु फैलिएका छन् । त्यहाँ डाक्टर नभए पनि कम्पाउण्डर अर्थात काम गर्दा गर्दा जानेकाहरु डाक्टर बनेर बसेका छन् र सानो ठूलो जस्तो रोग लागे पनि स्थानीय नागरिक पहिले जाने त्यहीँ त्यही हो । दाँत वा पेट दुखे पनि, ज्वरो वा बान्ता भए पनि, जे भए पनि मेडिकल जानासाथ उसले ओखती दिन्छ, साथमा टनिक पनि भिडाउँछ । कारण ओखतीभन्दा टनिक महँगो र टनिकमा बढी फाइदा हुने रहेछ । धेरै निको हुन्छन्, कतिपय त्यही ओखतीले असाध्य रोग बल्भेर खतीमा पर्छन् । टाढाको अस्पतालभन्दा नजिकको मेडिकल, अहिले पनि चलिरहेकै छ ।

सिंहदरवार गाउँ गाउँ, टोल टोलमा पुगुन् भन्ने सपना ठूलो हो । अस्पताल नजिक होस्, अस्पताल सर्वसुलभ र डाक्टर जुनसुकै बेला भेटियोस् । अस्पताल पुगेर सहज उपचार पाइयोस् । सेवाग्राहीले सहज सेवा पाउन् यो मेरो सपना हो । अस्पताल पुग्न राजधानीका जस्ता अस्तव्यस्त सडक नहोस् । अस्पताल लगेको विरामी जाममा फसेर एम्बुलेन्समै मर्नु नपरोस् । यो मेरो सपना हो ।

हिड्ने सडक अहिलेजस्तो खाल्डाखुल्डी नहोस्, कम्तिमा धुलो र धुवाँ कम उड्ने खालका हुन् । ७ वर्षदेखि चावेल साँखुको, बल्खु दक्षिणकालीको, कलंकी थानकोट नौबिसेको बाटोजस्तो धुलाम्मे, हिलाम्मे, खाल्डैखाल्टा नहोस् र यो सात वर्षमा धुलो र धुवाले दमको रोगी बनेर हजारौंको मृत्यु भइसकेको छ, यस्तो गैरजिम्मेवार सरकार नहोस्, ज्यानमारा राज्यनीति नहोस्, जनताप्रतिको जिम्मेवारी लिनसक्ने सरकार होस् ।

बालबालिकाले स्कूलदेखि कलेजसम्म, त्यसपछि शिक्षा हासिल गर्न मनलागि फी तिर्नु नपरोस्, प्राविधिक शिक्षा हासिल गर्न भनसुन गर्नु नपरोस्, नेपालमा पढ्न नपाएर विदेशतिर लाग्नु नपरोस् र विदेशतिरै अलमलिएर देश बिर्सने बाध्यतामा नपरुन् भन्ने हो । तर के गर्ने देशमा शिक्षा, स्वास्थ्यलगायतका सामान्य आवश्यकताका क्षेत्रमा माफियाकै हैकम छ । बजारदेखि सिंहदरवारसम्म सेटि र सिण्डिकेट छ, कमिशनकै चलखेल छ । कि त माफियाले भनेजति पैसा दिन सक्नुपर्‍यो, कि विदेशतिर हुइँकिनु पर्‍यो । आमनागरिकका लागि सरकार छ नै कहाँ र ? सरकार फैलिनुपर्‍यो । सरकार खुम्चिएकै छ ।

लोकगणराज्यले दिनैपर्ने नागरिकका आधारभूत आवश्यकताका साना सपना पूरा गर्न सरकार ठूला ठूला सपना देखाउँछ । काठमाडौंसम्म केरुङ र रक्सौलबाट रेल जोड्छु भन्छ । राजधानीमा मेट्रो चलाउँछु भन्छ । राजधानीलाई मेट्रो सिटी बनाउँछु, हावाबाट बिजुली निकाल्छु र घर घरमा ग्याँसका पाइपलाइन जोडिदिन्छु भन्छ । थानकोटबाट काभ्रे हुँदै सिन्धुपाल्चोकसम्म मेट्रो चल्छ रे । हिजो पुराना सपना अनेक थिए, आज परिवर्तनकारी सरकारका सपना त्योभन्दा बढी छन् । सात वर्षदेखि सडक साइकल चल्न नसक्ने स्थितिमा छ, एक सरकारबाट ७ सय ६१ सरकार बनेका छन् । यी सरकारहरुमा मन्त्री, सचिव, सहायकदेखि पार्टीका आउरेबाउरेको लामवद्ध मान्छेहरु जनता निचारेर कर अशुल गर्दै खाँदैछन् । जुकाले रगत चुसेजसरी जनता चुसेर ढाडिएका जुकाले चुस्दिन भन्दैन, कम्युनिष्ट सरकारमा पुँजीवादी शोषणको पराकाष्ठा नाघिसकेको थियो, कांग्रेस भ्रष्टाचारमा रमाएकै हो, रास्वपा अहिलेसम्म भ्रष्टाचारमा गनाएको छैन र यिनीहरु मेरा साना साना सपना कुल्चेर ठूला ठूला सपना देखाइरहेका छन् । पूरा गरुन् । जनता सपना पूरा हुने आशमा रहेका छन् । जनताको आशमार्दा के सम्मका घटना देखियो, त्यस्तो फेरि नहोस् ।

जनप्रतिनिधि, मेरो सरकार, मेरो संविधान, मेरो लोकतान्त्रिक गणतन्त्रको बौलाह चरीत्र देखेर छक्क छु । म सामान्य सपना पूरा होस् भनिरहेको छु, राज्य स्वर्गै दिन्छु भन्ने सपना देखाइरहेको छ । म कम्पाउण्डरले ओखतीभन्दा बढी टनिक बेचेजस्तो र टनिक किन्न बाध्य पारिएको बिरामीजस्तो म पनि राज्यको सपना देखेर जील खाइरहेछु, जिल्लाराम छु । रास्वपा–बालेन साह, प्रधानमन्त्रीले पनि सपना देखेका छन्, चुनावमा देखेकै हो । प्रधानमन्त्री भन्छन्– सपना देख्नेले पूरा गर्छ । हो, नेपाल सपनाको देश हो, सपना नै सुशासन र समृद्धिको आधार हो । भ्रष्टाचारको अन्त र भ्रष्टाचारीमाथि कारवाही हो । सपना देखिएन भने सत्ता टिक्दैन, राजनीति चल्दैन । सपना शायद नेपाली राजनीति गर्ने अचुक उपाय हो । १० वर्षे जनयुद्धकालखण्डमा युवाहरूलाई जसले खेती रोजे खेत पाइने, महल रोजे महल पाइने, जसले जे रोज्छ त्यही पाइन्छ भनेर बन्दुक बोकाइयो । मर्ने मरे, बाँच्ने पहुँचवाला सत्ता र शक्तिमा पुगे, नसक्ने अयोग्य भए, कोही खाडी गए, कोही यतै ढलापडा छन् । कतिपय युवतीहरु राजमार्गमा यौवन बेचेर बालबचेरा पालिरहेका छन् । सपना देखाउनेहरु महाराजा बने । महासामन्त बने । सपना भनेको देखाउनेलाई सपार्ने रहेछ । देख्ने सधैं सपना देखेर बाँच्नु न मर्नुपर्ने छटपटीमा हुँदा रहेछन् । नेपालमा जे भइरहेको छ, अहिले यस्तै भइरहेछ ।

माओवादी जनयुद्ध पनि सपना नै थियो । असमानता हटाउन, भेदभाव र बिभेद मास्न, समृद्धिको साम्राज्य सिर्जना गर्न निरंकूशता फालौं भनेर जनतालाई घरघरबाट सडकमा आउनै वातावरण बन्यो । परिवर्तन भयो । राजा भ्रुके, मरेको संसद ब्यूँतियो । संसद ब्यूँतियो कि भूत ? सबै रनभुल्लमा छन् । किनभने त्यही संसदबाट संविधानसभा जन्म्यो, संविधानसभाले राजा फालेर महाराजाको उत्पत्ति गरायो, संविधान जारी भो, बिभेद बढ्यो, समानता आएन । आयो त तिनै परिवर्तनका नेतृत्व गर्नेहरूलाई आयो । तिनकै रजगज चलेको छ, तिनीहरु नै आधुनिक श्री ३ महाराज बनेका छन् । जनता हिजो अन्यायमा थिए, आज महाअन्यायमा परेका छन् । जनताप्रतिको जिम्मेवारी कसैले लिन तैयार छैन । जनताप्रति जिम्मेवार हुनै नपर्ने लोकतन्त्र आएको छ । लोकतन्त्र लूटतन्त्र बन्यो, लुटाहरूको शासन सकियो । परिवर्तनकारी युवा राजनीतिमा आए ।

नयाँ पुस्ता युवाले दिने परिवर्तन कस्तो होला ? अभै देख्न पाइएन । चार दशक, पुराना लुटाहरूले देशै अभरमा पार्न थालेका छन् । नयाँलाई कामै गर्न दिएका छैनन् । देशको जिम्मेवारी लिनेसमेत कोही भएन । देशैभरि जागरण अभियान चलेको छ । भर्खर परिवर्तन आएको ६ महिना भयो, केको जागरण अभियान हो यो ?

समाज देशका वास्तविक नक्सा माँगिरहेको छ । भएछ के भने लोकतान्त्रिक नेताहरूले कालापानी, लिपुलेक, लिम्पियाधुरा भारततिर पारेर राष्ट्रको नक्सा नै फेरिसकेछन् । गणतन्त्रले गरेन त कमाल । देखाएन त सपना ? जनता ठूला सपना सिनेमा हेरेजस्तो हेरिरहेका थिए, सपना देखाउने सरकारले त राष्ट्रको मिर्गौला काटेर भारतलाई दिइसकेछ । यता समृद्धि र सुशासनको टनिक बेचेर उता सत्ताको मुनाफा पो घिचिसकेछन् जनप्रतिनिधिहरूले । यो विषय जनतालाई सह्य भएन । यसकारण परिवर्तन आएको हो । बालेन सरकारले अब यो भूल पनि सच्याउनुपर्छ । निकट भविष्यमा प्रम बालेन भारत जाँदैछन्, अर्थपूर्ण भ्रमणको अर्थ जनताले बुझ्नेगरी सम्पन्न हुनुपर्छ । यसका लागि अहिले देखि नै गहन होमवर्क होस् । जनतालाई सपना समृद्धि र सुशासनको देखाएको हो दुई तिहाईको सरकारले । पेण्डोराको बाकस खुलेभैं खाली भ्रष्टाचार र ठेकेदारहरूको पोलखोल पो भइरहेछ । कमिशन र सुनकाण्डहरूबाट अव त बलात्कार र हत्याका श्रृंखलाहरु पो बढ्न थाले । सपनाको सुन्दर जीवन देखाउनेले सुन्दर काम पनि गरेर देखाउनुपर्छ ।

सबैको सानो सपना, समाजमा सभ्यताको विकास होस्, भाइचाराको विकास होस्, बहुल जातीय समाजमा जातीय सद्भाव कायम होस् भन्ने हो । सपना देखाउनेहरु जातीय, क्षेत्रीय बिभाजनका मुद्दा उठाउँछन् । अव त मधेसतिर मधेश अलग देश हो भन्ने नारा उठिसक्यो । दुई तिहाईको सरकार ले सपना देखाइरहेछ, जनतासँग करार पनि गरेको छ, घोषणापत्र पनि पढाएको छ । त्यो परिकल्पना कछुवाको गतिमा होइन, डाँफेले बेग हानेजरी पूरा हुनुपर्छ । अगरमगर हुनुहुन्न । भोटेकोशी बाढी, भूकम्प पीडितले अभै बास बनाउन सकेनन्, बाढी र पहिरो पीडितले राहत पाएका छैनन्, अतिरोग पीडितले उपचार पाएका छैनन्, गरीबीको परिचयपत्रसमेत धनीलाई बितरण गर्ने कम्युन्यालिष्टको अन्त भएको छैन । सपना देख्ने र सत्ता चलाउने, तस्कर र माफियाको, भ्रष्ट र असामाजिक तत्वको बिगबिगी कमजोरमात्र भएको हो, रोकिएको छैन । हिजो तिनलाई खोकिलामा हालेर बचाउने राज्यलाई लोकराज्य भनियो, आज त्यस्तो नहोस् ।

जनताले सतिसालजस्तो जनमत दिएका छन् । नैतिकताको घोडा चढेर लोकतन्त्र देखाउनुपर्छ । जनताको अपेक्षा पूरा गर्छु, कुनै भ्रष्टाचारीलाई छाड्दिन भन्ने प्रधानमन्त्रीको खुट्टी भिजेको परालखुट्टे देखिनु हुन्न । जनतातिर फर्केर जनमतकै कदर हुनुपर्छ । जनताले जयकार गर्न पाउनुपर्छ । हिजोजस्तो घृणा गर्ने दिनको अन्त हुनुपर्छ । सरकारप्रति अपनत्व लिएको दिन जनादेश देखिनुपर्छ ।

६ महिना भयो यो सरकार जन्मेको । बामे सर्दैछ, कहिले उभिएला र दगुर्ला ?

पढथ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्भियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

बालेन सरकार भाद्र २३ र २४ को घटनाको छानविन गरी दोषीलाई कारबाही गर

२०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यको बलमा गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत ल्याएको रास्वपा नेतृत्वको बालेन सरकार एक्लै अघि बढ्न खोजिरहेको जस्तो देखिएको छ। २०८२ भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा बालेन साह प्रत्यक्ष रुपमा अघि बढेको नभएपनि पर्दा पछाडि बसेर विरोध प्रदर्शनकारीहरूलाई स्टाटसमार्फत निर्देशन दिने कार्यमा सक्रिय रहेका थिए। भाद्र २४ गतेको विध्वसात्मक कार्यमा बालेन साहलाई समर्थन गर्ने धेरै व्यक्तिहरू संलग्न रहेका हुनाले रास्वपा नेतृत्वको बालेन सरकार भाद्र २४ गतेको घटनाको सम्झना समेत गर्न चाहिरहेको छैन। भाद्र २३ र २४ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने सुधन गुरुङ सहितका बालेन साह र उनको पक्षका मानिसहरू एकै पटक रास्वपामा प्रवेश गरेका थिए। भाद्र २३ गत नै सहकारी ठगी र संगठित अपराधमा संलग्न र सम्पत्ति शुद्धीकरण मुद्दामा अदालतको आदेशनुसार पुर्पक्षका लागि जेलमा रहेका रास्वपा सभापति रवि लामिछानेलाई आन्दोलनकारीहरूले जेलमुक्त गराएका थिए। जेलमुक्त गराउन रास्वपाका नेताहरू मनिष झा, तोसिमा कार्की लगायतका केही कलाकारहरू पनि सहभागि भएका थिए। लामिछानेलाई जेलमुक्त गराउँदै उनीहरूले अबको प्रधानमन्त्री रवि लामिछाने भन्ने नारा लगाएका थिए।

भाद्र २४ गते मुलुकभरमै झण्डै एउटै समयमा विध्वसात्मक कार्य गरियो। संसद भवन, सिंहदरबार, सर्बोच्च अदालत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सडक विभाग, राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास, प्रहरी कार्यालयहरू व्यापारिक भवन, होटल र राजनीतिक दलका शिर्ष नेताहरूका निजी निवास खोजी खोजी आगजनी गरियो। यसरी अबौं अर्बको राष्ट्रिय सम्पत्ति ध्वस्त बनाउनेहरू नै राजनीतिक संरक्षणका लागि रास्वपामा प्रवेश गरेका र रास्वपाले उनीहरूलाई प्रतिनिधिसभा सदस्यको लागि टिकट दिएको हुनाले रास्वपा र २३ र २४ गतेको घटनामा संलग्न भएकाहरू दुवैको स्वार्थ मिलेको हुनाले बालेन सरकारले २४ गतेको घटनाको नाम समेत लिन चाहिरहेको छैन। भाद्र २७ गते सुशिला कार्कीलाई प्रधानमन्त्री बनाउन बालेन साहले महत्वपूर्ण भूमिका खेलेका थिए भने भाद्र २४ गते बेलुका नै उनले आन्दोलनकारीहरूलाई अब नेपाली सेनाका प्रधानसेनापतिसँग वार्ता गर भन्ने स्टाटस लेखेका थिए। नेपाली सेनाले सिंहदरबारमा आगजनी हुँदा समेत बचाउन गर्न सकेको थिएन भने बालेन साह नै काठमाडौं महानगरको मेयर रहेका भएपनि महानगरका दमकल आगो निभाउन पठाएका थिएनन, यी सबै प्रकरणको निष्पक्ष र स्वतन्त्र रुपाम अनुसन्धान तथा छानविन गरिनु आवश्यक छ। राजनीतिक स्वार्थका लागि राज्यका महत्वपूर्ण संरचनामा आगजनी गर्ने र आगजनी हुँदा बचाउनका लागि दमकल नपठाउने काठमाडौं महानगरका तत्कालिन मेयर बालेन साहमाथि अनुसन्धान र छानविन किन नहुने ? कानुनी राज्यमा सबै निकाय कानुन अनुसार नै सञ्चालन हुनुपर्दछ। तर २०८२ भाद्र २४ गते मुलुक कानुन विहिन अवस्थामा पुऱ्याईएको हुनाले उक्त घटनामा संलग्न भएका व्यक्तिहरू नै अहिले सत्तामा रहेका हुनाले उनीहरू उक्त घटनाको नामसम्म लिनु चाहिरहेका छैनन्। भाद्र २३ गतेको घटनाको छानविनको नौटंकी गर्ने गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगले समेत भाद्र २४ गतेको घटनाको अनुसन्धान हुनुपर्ने र रास्वपाका केही नेता समेत रास्वपाका २८ जना सांसदमाथि समेत अनुसन्धान गर्नुपर्ने प्रतिवेदन सरकारलाई दिएको भएपनि सो प्रतिवेदन आजसम्म सार्वजनिक गरिएको छैन। त्यसको एउटै कारण हो रास्वपा र रास्वपाका सांसदहरूको कुकृत्यको झण्डाफोर हुने डर।

२०८२ चैत्र १३ गते रास्वपा नेतृत्वको बालेन सरकार गठन भएकै दिन नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरियो। त्यो पनि बालेन सरकारको मन्त्रिपरिषद्को पहिलो बैठकबाटै निर्णय गरेर। तर सरकारले उनीहरूलाई पक्राउ गर्नुको कारण अदालत समक्ष दिन सकेन त्यही कारणले गर्दा उनीहरू अदालतको आदेशनुसार रिहा भए आफ्नो कुकृत्यको पोल खुल्ने डरले रास्वपा नेतृत्वको सरकारले त्यही दिनदेखि प्रतिशोधको राजनीति सुरु गरेकोमा अहिलेसम्म जारी रहेको छ। विश्वका धेरै देशहरूमा आन्दोलनद्वारा राजनीतिक परिवर्तन भएको भएपनि नेपालमा भने २०८२ भाद्र २३ र २४ गतेको घटनाले राजनीतिक परिवर्तन भएन केलब सत्तामात्र परिवर्तन भएकाले त्यो विरोध प्रदर्शन षड्यन्त्रमूलक थियो भनेर प्रष्ट रुपमै देखिएको छ। २०८२ अघिकै संविधान रहेको छ। केलब सत्तामात्र परिवर्तन भएकाले यसलाई राजनीतिक परिवर्तन भन्न सकिने अवस्था रहँदैन/हुँदैन। सत्ता परिवर्तनका लागि राष्ट्रिय सम्पत्ति अबौं अर्बको स्वाहा पार्ने षड्यन्त्रमूलक कार्य एकै दिनमा हुन सक्दैन। मुलुकभरमा झण्डै एकै समयमा आगजनी, तोडफोड, लुटपाट हुन सक्दैन। यी सबै कारणहरूले गर्दा त्यो घटना षड्यन्त्रमूलक नै थियो भनेर भन्न सकिन्छ। त्यही कारणले गर्दा उक्त घटनाको सत्यतथ्य बाहिर ल्याएर आगजनी, तोडफोड हत्यामा संलगन भएका जोसुकै हुन् जुनसुकै पार्टीमा संलग्न भएका हुन् उनीहरूमाथि कानुनी कारबाही गरेर कानुनी राज्यको अवधारणालाई अघि बढाउनैपर्दछ।

सत्ता प्राप्तिका लागि राष्ट्रिय सम्पत्ति ध्वस्त पार्ने, व्यक्तिका घर सम्पत्ति नष्ट गर्ने व्यापारिक भवनहरूमा आगजनी र तोडफोड गर्नेहरू जनताका प्रतिनिधि हुन सक्दैन। त्यस्ता व्यक्तिहरू चाहे सत्ताधारी दलका सांसद वा मन्त्रीहरू नै भएपनि उनीहरूमाथि कानुनी कारबाही गरी कानुनी राज्यको अवधारणालाई सार्थक बनाउनुपर्ने टड्कारो आवश्यकता देखिन्छ। यदि कानुनी कारबाही नगर्ने हो भने भोली अन्य राजनीतिक दल र षड्यन्त्रकारीहरूले समेत त्यही षड्यन्त्रमूलक बाटो अपनाउन सक्ने भएकाले त्यसलाई बेलैमा नियन्त्रण गर्न २०८२ भाद्र २३ र २४ गतेको घटनामा संलग्न रहेका जोसुकै, जुनसुकै पार्टीका भएपनि उनीहरूमाथि अनुसन्धान गरी कानुनी कारबाही गर्नुपर्दछ भन्ने हाम्रो ठहर रहेको छ।

दसैं सकियो, उपभोक्ताको दशा सकिएन

माधव तिमल्सिना

दसैँ सकिएको छ । आफन्तसँगको भेटघाट, पारिवारिक जमघट र चाडपर्वको चहलपहल पनि क्रमशः सामान्य अवस्थामा फर्किंदै छ । तर, दसैँको उल्लाससँगै आमउपभोक्ताले भोगेका पीडा, महँगीको मार, बजारको मनपरी र आर्थिक दबाब भने अझै सकिएका छैनन् । कसैका लागि दसैँ खुसीको पर्व बन्यो, कसैका लागि ऋण थपिएको समय, कसैले परिवारको रहर पूरा गरे, कसैले सीमित आम्दानीका कारण आफ्नै इच्छा र आवश्यकता दबाउनुपर्‍यो ।

एक उपभोक्ता अधिकारकर्मीका रूपमा बजारको अवस्था नियाल्दा मलाई सबैभन्दा बढी चिन्ता लाग्ने विषय हो– पर्वको खुसी र उपभोक्ताको वास्तविक जीवनबिच बढ्दै गएको दूरी । बजारमा सामानको थुप्रो देखिनु, पसलमा भिड लाग्नु र व्यापार बढ्नु मात्रै समृद्धिको संकेत होइन । आमनागरिकले आफ्नो आम्दानीभित्र रहेर आवश्यक वस्तु खरिद गर्न पाउनु, उचित मूल्यमा गुणस्तरीय सामान प्राप्त गर्नु र ठगीबाट सुरक्षित रहन सक्नु नै उपभोक्तामैत्री बजारको वास्तविक पहिचान हो । दसैँको समयमा देखिएका समस्या नयाँ होइनन् । हरेक वर्ष चाडपर्व आउँछन्, बजारमा माग बढ्छ, अनुगमनको चर्चा हुन्छ र उपभोक्तामैत्री बजार बनाउने प्रतिबद्धता दोहोरिन्छ । तर, पर्व सकिएपछि पनि उही प्रश्न बाँकी रहन्छ–अनुगमनबाट के सुधार भयो ? उपभोक्ताले कति राहत पाए ? गलत कारोबार गर्नेहरु कति जिम्मेवार बने ? यी प्रश्नको सन्तोषजनक उत्तर खोज्न नसक्नु नै हाम्रो बजार व्यवस्थापनको गम्भीर कमजोरी हो ।

महँगीको मार – दसैँमा खाद्यान्न, तेल, चिनी, दाल, तरकारी, फलफूल, मासु, लत्ताकपडा र यातायातजस्ता अत्यावश्यक वस्तु तथा सेवाको माग बढ्नु स्वाभाविक हो । तर, माग बढेको बहानामा मूल्य अस्वाभाविक रूपमा बढाउने, मूल्य निर्धारणको आधार स्पष्ट नगर्ने र उपभोक्ताको बाध्यताबाट अनुचित लाभ लिने प्रवृत्ति स्वीकार्य हुन सक्दैन । मूल्यवृद्धिका पछाडि उत्पादन लागत, ढुवानी, आयात, कर वा आपूर्तिसम्बन्धी वास्तविक कारण हुन सक्छन् । तर, तिनको तथ्यगत विश्लेषण नगरी प्रत्येक मूल्यवृद्धिलाई स्वाभाविक मान्नु पनि उचित होइन ।

सीमित आम्दानीमा जीवन चलाइरहेका श्रमिक, न्यून पारिश्रमिकमा काम गर्ने कर्मचारी, साना किसान र दैनिक ज्यालादारीमा निर्भर परिवारका लागि दसैँको अतिरिक्त खर्च ठुलो चुनौती हो । नियमित आम्दानीबाट घरभाडा, बालबालिकाको शिक्षा, स्वास्थ्योपचार र दैनिक खानपिनको व्यवस्था गर्नुपर्ने उनीहरूलाई चाडपर्वमा थप खर्च जुटाउन कठिन हुन्छ । यस्तो अवस्थामा बजारको मूल्य बढेपछि उनीहरूले कि त आवश्यकतामा कटौती गर्नुपर्छ कि बचत खर्च गर्नुपर्छ, कि ऋण लिनुपर्छ ।

एउटा परिवारले दसैँमा छोराछोरीका लागि नयाँ लुगा किन्न नसक्नु, आवश्यक खाद्यान्नको परिमाण घटाउनु वा परिवारको खुसीका लागि खर्च गर्दा आगामी महिनाको घरखर्चबारे चिन्ता लिनुपर्ने अवस्था सामान्य आर्थिक तथ्यांकले मात्र देखाउँदैन । यसले मूल्यवृद्धिको मानवीय पक्ष उजागर गर्छ । उपभोक्ता अधिकारको बहस त्यसैले मूल्यसूची र बजारदरमा मात्र सीमित हुनु हुँदैन, यसले नागरिकको क्रयशक्ति, जीवनस्तर र सम्मानपूर्वक बाँच्न पाउने अवस्थालाई पनि समेट्नुपर्छ ।

चाडपर्वको बाध्यतामाथि नाफाको राजनीति – दसैँमा मानिस रहरले मात्र बजार जाँदैनन्, परिवारको आवश्यकता र सामाजिक परम्परा पूरा गर्न पनि जान्छन् । पाहुनाका लागि खाद्यान्न, बालबालिकाका लागि लत्ताकपडा, मान्यजनका लागि आवश्यक सामग्री र घर फर्किन यातायातको व्यवस्था गर्नैपर्छ । यही बाध्यतालाई अवसर बनाएर कसैले मूल्य बढाउने, कसैले गुणस्तरमा सम्झौता गर्ने र कसैले वास्तविक विवरण नदिई सामान बिक्री गर्ने प्रवृत्ति अपनाउँछ भने त्यो सामान्य व्यापारिक प्रतिस्पर्धा होइन, उपभोक्ताको विश्वासमाथिको प्रहार हो । बजारमा एउटै वस्तुको मूल्य पसलपिच्छे फरक पर्नुका पछाडि वास्तविक व्यावसायिक कारण हुन सक्छन् । तर, मूल्यको आधार स्पष्ट नहुँदा र मूल्यसूची नराख्दा उपभोक्ता अन्योलमा पर्छन् । सामान खरिद गर्दा बिल नदिने, वस्तुको गुणस्तरबारे सही जानकारी नदिने, नापतौलमा कैफियत गर्ने वा छुटका नाममा भ्रम सिर्जना गर्ने कार्यले उपभोक्तालाई आर्थिक क्षति पुर्‍याउँछ ।

उपभोक्ताले प्रत्येक पसलमा पुगेर वस्तुको लागत, गुणस्तर र वास्तविक मूल्य आफैँ अनुसन्धान गर्न सक्दैनन् । यही कारण बजार नियमनको जिम्मेवारी राज्यले लिएको हो । व्यवसायीलाई उचित नाफा कमाउने अधिकार छ, तर त्यसको अर्थ उपभोक्ताको बाध्यताको अनुचित फाइदा उठाउने छुट होइन । इमानदार व्यवसायीलाई संरक्षण र ठगी गर्नेहरूलाई कानुनी कारबाही गर्नु नै स्वस्थ बजारको आधार हो । अनुगमनको सक्रियता र परिणामबिचको दूरी – हरेक वर्ष दसैँअघि बजार अनुगमनको चर्चा हुन्छ । सरकारी टोली बजारमा पुग्छ, पसल निरीक्षण गर्छ, कैफियत भेटिएका स्थानमा सचेत वा आवश्यक कारबाही गरिन्छ । यी कार्य आवश्यक छन् । तर, के अनुगमनपछि उपभोक्ताले वास्तविक राहत पाए त ?

कुनै पसलमा मूल्यसूची नभेटिएको, म्याद गुज्रिएका वस्तु भेटिएको वा बिलबिजकमा समस्या देखिएको विवरण सार्वजनिक हुनु मात्रै सफल अनुगमन होइन । भेटिएका कैफियतमा के कारबाही भयो, उपभोक्ताको क्षति कसरी सम्बोधन भयो, सम्बन्धित व्यवसायीले सुधार गरे कि गरेनन् र उही समस्या पुनः दोहोरियो कि दोहोरिएन भन्ने महत्वपूर्ण हुन्छ ।

अनुगमनको सफलता टोली बजारमा पुगेको संख्या वा सार्वजनिक गरिएका तस्बिरबाट होइन, उपभोक्ताले अनुभूति गरेको सुधारबाट मापन गर्नुपर्छ । बजार अनुगमनलाई पर्वविशेषको अभियानमा सीमित राखेर हुँदैन । चाडपर्व सकिएपछि पनि उपभोक्ताले त्यही बजारमा सामान किन्छन्, त्यही मूल्य तिर्छन् र त्यही सेवामा निर्भर रहन्छन् । त्यसैले, बजार निगरानी वर्षभरि नियमित, प्रमाणमा आधारित र परिणाममुखी हुनुपर्छ । पैसाको क्षतिभन्दा ठुलो स्वास्थ्यको जोखिम – दसैँमा खाद्यान्न, मासु, मिठाई, दुग्धजन्य पदार्थ र अन्य खाद्यवस्तुको खपत बढ्छ । यस्तो अवस्थामा खाद्य स्वच्छता, उत्पादन मिति, उपभोग्य अवधि, भण्डारण र ढुवानीमा लापरबाही भएमा उपभोक्ताको स्वास्थ्य जोखिममा पर्न सक्छ । आकर्षक प्याकेजिङ भएको वस्तु सधैँ सुरक्षित हुन्छ भन्ने छैन र महँगो वस्तु अनिवार्य रूपमा गुणस्तरीय हुन्छ भन्ने पनि होइन । उपभोक्ताले सामान खरिद गर्दा लेबल, म्याद, तौल र उत्पादकको विवरण हेर्नुपर्छ । तर, गुणस्तरको सम्पूर्ण जिम्मेवारी उपभोक्तामाथि थोपर्न मिल्दैन । खाद्यवस्तुको वैज्ञानिक परीक्षण गर्ने, जोखिमयुक्त सामान बजारबाट हटाउने, दोषीमाथि कारबाही गर्ने र उपभोक्तालाई सही सूचना दिने जिम्मेवारी नियामक निकायको हो । मूल्यमा ठगिएको उपभोक्ताले आर्थिक क्षति व्यहोर्छ, तर गुणस्तरहीन खाद्यवस्तुका कारण स्वास्थ्यमा असर परेमा त्यसको मूल्य अझ ठुलो हुन सक्छ । त्यसैले, बजार अनुगमनमा मूल्यसूची र म्याद मात्र होइन, वास्तविक गुणस्तर, तौल र खाद्य सुरक्षालाई पनि समान प्राथमिकता दिनुपर्छ । प्रयोगशाला परीक्षण, नमुना संकलन र नियमित पुनः अनुगमन प्रभावकारी नभएसम्म उपभोक्ता सुरक्षाको प्रत्याभूति पूर्ण हुन सक्दैन ।

उपभोक्ता अधिकारको फराकिलो दायरा – दसैँको पीडा पसलमा हुने खरिदबिक्रीमा मात्र सीमित छैन । गाउँघर फर्किने यात्रुले टिकटको अभाव, निर्धारितभन्दा बढी भाडा, भिडभाड र असुविधाजनक यात्राजस्ता समस्या भोग्न सक्छन् । वर्षभरि परिवारबाट टाढा बसेर काम गर्ने श्रमिक र कर्मचारीका लागि दसैँमा घर पुग्नु भावनात्मक आवश्यकता हो । यस्तो अवस्थामा टिकट नपाउनु वा यात्रा गर्न बढी रकम तिर्नुपर्ने बाध्यता सिर्जना हुनु थप पीडादायी हुन्छ ।

चाडपर्वको यात्रुचाप हरेक वर्ष अनुमान गर्न सकिने विषय हो । त्यसैले, अग्रिम टिकट व्यवस्थापन, सवारीसाधनको पर्याप्त व्यवस्था, भाडादरको पारदर्शिता, सवारीको प्राविधिक अवस्था र यात्रुको सुरक्षामा पूर्वतयारी आवश्यक हुन्छ । क्षमता नाघेर यात्रु राख्ने वा बढी भाडा असुल्ने कार्य नियन्त्रण गर्न प्रभावकारी निगरानी हुनुपर्छ ।

कानुनमा अधिकार छ, व्यवहारमा न्याय कहिले – नेपालको संविधानको धारा ४४ ले उपभोक्ताको हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ ले उपभोक्ताको हक संरक्षण, अनुचित व्यापारिक क्रियाकलाप नियन्त्रण र क्षतिपूर्तिसम्बन्धी कानुनी आधार प्रदान गरेको छ । तर, कानुनमा अधिकार उल्लेख हुनु र नागरिकले व्यवहारमा त्यसको लाभ पाउनु फरक हुन् । उपभोक्ता ठगीमा परेपछि कहाँ उजुरी गर्ने, उजुरी कसले हेर्ने, कति समयमा निर्णय हुन्छ र क्षतिपूर्ति कसरी प्राप्त हुन्छ भन्ने सहज र स्पष्ट हुनुपर्छ । उजुरी प्रक्रियामा अनावश्यक झन्झट र ढिलाइ भएमा सामान्य नागरिक न्याय खोज्न निरूत्साहित हुन्छन् । त्यसैले, प्रभावकारी उजुरी संयन्त्र, छिटो सुनुवाइ, प्रमाणमा आधारित निर्णय र कानुन उल्लंघन गर्नेलाई निरूत्साहित गर्ने कारबाही आवश्यक छ ।

अबको बाटो – दसैँपछि सरकारले बजारको वास्तविक समीक्षा गर्नुपर्छ । कुन वस्तुको मूल्य किन बढ्यो, कहाँ आपूर्ति कमजोर भयो, कति उजुरी प्राप्त भए, कति समस्या समाधान भए र अनुगमनपछि कस्तो सुधार आयो भन्ने विवरण सार्वजनिक हुनुपर्छ । मूल्यवृद्धिको कारण वस्तु र बजारअनुसार विश्लेषण गरी अनावश्यक लागत र अनुचित व्यापारिक अभ्यास नियन्त्रण गर्नुपर्छ ।

सरकारी स्वामित्वका आपूर्ति संस्थानले आवश्यक वस्तुको भण्डारण, सहज वितरण र बजार स्थिरतामा प्रभावकारी भूमिका खेल्नुपर्छ । बजारमा अभाव देखिएपछि मात्र सक्रिय हुने होइन, माग र आपूर्तिको अवस्थालाई पहिले नै आकलन गरेर आवश्यक तयारी गर्नुपर्छ । डिजिटल माध्यमबाट मूल्यसम्बन्धी सूचना उपलब्ध गराउने, उपभोक्ताको गुनासो सहज रूपमा संकलन गर्ने र कारबाहीको अवस्था सार्वजनिक गर्ने प्रणाली विकास गर्नुपर्छ । उपभोक्ताले पनि बिल लिने, म्याद र लेबल हेर्ने, तौल जाँच गर्ने र ठगी भएमा उजुरी गर्ने बानी विकास गर्नुपर्छ । तर, नागरिकलाई सचेत बन्न आग्रह गरेर मात्र राज्यको जिम्मेवारी पूरा हुँदैन । बजारको मनपरी नियन्त्रण गर्ने अधिकार र क्षमता राज्यसँग छ । त्यसैले, सरकारको नेतृत्वदायी भूमिका अपरिहार्य छ ।

दसैँ सकियो, जिम्मेवारी सकिएको छैन – उपभोक्ता अधिकारकर्मीका रूपमा मेरो प्रमुख चिन्ता बजारमा देखिने समस्या मात्र होइन, ती समस्या दोहोरिरहँदा पनि स्थायी समाधानका लागि पर्याप्त सुधार नहुनु हो । हरेक वर्ष उही समस्या उठाउने, उही प्रतिबद्धता दोहोर्‍याउने र अर्को पर्वसम्म फेरि पर्खिने अवस्था अन्त्य हुनुपर्छ ।

उपभोक्ताको पक्षमा आवाज उठाउनु व्यवसायीको विरोध गर्नु होइन । इमानदार व्यवसायी सम्मानित हुने, उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय वस्तु पाउने र गलत कारोबार गर्नेहरु कानुनी दायरामा आउने बजार निर्माण गर्नु सबैको हितमा छ । यसका लागि सरकारको जवाफदेहिता, व्यवसायीको इमानदारी र उपभोक्ताको सचेतना एकसाथ आवश्यक छन् ।

दसैँ सकिएको छ, तर आमनागरिकको भान्सामा खाद्यान्न चाहिन्छ, बालबालिकाको शिक्षा र स्वास्थ्यमा खर्च गर्नुपर्छ, यातायात प्रयोग गर्नुपर्छ र दैनिक आवश्यकताका वस्तु खरिद गर्नुपर्छ । त्यसैले, उपभोक्ता अधिकारको अभियान दसैँसँगै समाप्त हुन सक्दैन । बजारमा पारदर्शिता, आपूर्तिमा सहजता, मूल्यमा न्याय र गुणस्तरमा सुनिश्चितता कायम नहुँदासम्म यो अभियान निरन्तर चलिरहनुपर्छ । दसैँको वास्तविक समीक्षा बजारमा कति भिड लाग्यो भन्ने होइन, आमनागरिकले कति सहजतासाथ आफ्नो आवश्यकता पूरा गर्न पाए भन्ने हो । पर्व सकिएपछि पनि उपभोक्ताको पीडा बाँकी रहन्छ भने राज्यको जिम्मेवारी पूरा भएको मान्न सकिन्न । *–नयाँ पत्रिका*

नागरिक विद्रोहको दबाबमा वैश्विक सत्ता

केवल किरण

अस्ट्रियाली कूटनीतिज्ञ क्लेमेन्स फन मेटर्निखले सन् १८१४-१५ मा भियनामा आयोजित युरोपेली राष्ट्रहरूको अन्तर्राष्ट्रिय सम्मेलनपछि भनेका थिए, 'फ्रान्सले हाच्छिउँ गर्दा सम्पूर्ण युरोपलाई रुघा लाग्छ ।' यो कथन २०२६ मा युरोपका लागि मात्र नरही वैश्विक भइसकेको छ । विद्यालयमा कर्मचारीको अभाव, शिक्षाको बजेट कटौती, बढ्दो महँगीको विरोधमा फ्रान्समा गत मध्य सेप्टेम्बरमा सुरू भएको आन्दोलन देशव्यापी चर्कियो । यस क्रममा त्यहाँको लिमोज सहरमा रहेको १९औं शताब्दीमा निर्मित ऐतिहासिक टाउन हल आगजनीबाट ध्वस्त पारियो ।

फ्रान्सबाट सुरू भएको आन्दोलनको लहर अन्य युरोपेली देशमा फैलिएको छ । नागरिक असन्तोष विनाशकारी प्रदर्शनमा विस्फोट हुँदा मिलान, तिराना, बार्सिलोना, म्याड्रिड, सान्टियागोमा आगजनी, तोडफोड र लुटपाट मच्चिएको छ । सामाजिक सञ्जाल र सडकमा तैरिरहेका युवाहरूको आक्रोश सामान्य राजनीतिक असन्तुष्टि मात्र नभई सभ्यता, पुनर्जागरण, राज्यक्रान्ति र 'फ्रेन्च कम्युन' ले स्थापित गरेका आधारभूत मूल्यहरू- स्वतन्त्रता, समानता र भ्रातृत्वको जग नै हल्लाएको छ । आन्दोलन फ्रान्सेलीहरूको राजनीतिक-सामाजिक पहिचान हो भन्नु अत्युक्ति हुँदैन । हिजो पनि क्रान्तिकै बलमा यहाँ राजतन्त्र पतन भएको थियो ।

'प्रिकारिएट' को उदय

अस्ट्रियाली लेखक स्टेफान जुइगले 'द वर्ल्ड अफ एस्टर्डे' मा पहिलो विश्वयुद्धभन्दा अगाडिको युरोपको स्वर्णिम युगको वर्णन गर्दै लेखेका छन्, 'सभ्यता र संस्कृतिको त्यो भव्य महल कति कमजोर जगमा उभिएको छ र शासकहरूको अहंकार एवं राजनीतिक अदूरदर्शिताका कारण कसरी त्यो एकै झट्कामा भत्किन सक्छ भन्ने संसद् र सडकका मानिसहरूले पत्तै पाउँदैनन् ।' आज पेरिस, मिलान र तिरानाका सडकहरूमा भइरहेको विनाशले त्यही देखाएको छ । आजका युवाहरूलाई इतिहासको रोमाञ्च र गौरवगाथाको कुनै अर्थ छैन । किनकि वर्तमानले चरम असुरक्षा र अनिश्चित भविष्यबाहेक केही दिन नसकेको उनीहरूको बुझाइ छ ।

दोस्रो विश्वयुद्धपछिको युरोपमा एउटा अलिखित 'सामाजिक सम्झौता' थियो- राम्रोसँग पढ्ने, मिहिनेतले काम गर्ने र राज्यले कल्याणकारी सेवा, सामाजिक सुरक्षा र उज्यालो भविष्यको प्रत्याभूति गर्नेछ । तर सन् १९९० को दशकपछिको नवउदारवादी आर्थिक नीतिका कारण यो सम्झौता बिस्तारै भत्कियो । यसैको गर्भबाट अर्थशास्त्री गाय स्ट्यान्डिङले प्रतिपादन गरेको एउटा नयाँ वर्ग जन्मियो- 'प्रिकारिएट', जुन 'प्रोलिटरिएट' र 'प्रिकारियस' मिलेर बनेको हो । अहिले जारी युरोपको आन्दोलनमा तिनै सहभागी छन् । हजारौंको संख्यामा स्नातकहरु उत्पादन भइरहँदा श्रम बजारमा सुरक्षित काम र रोजगारी छैन । फ्रान्समा एल्गोरिदममा आधारित सफ्टवेयरले विद्यार्थीको भविष्यको निर्णय गरिदिनु र म्याड्रिडमा ह्वीलचेयरमा रहेकी ८७ वर्षीया मारिकर्मेनलाई प्रहरीले जबर्जस्ती घरबाट निकाल्नुले युवाहरूको आक्रोश चुलियो । जब एउटा सिंगो पुस्तालाई उसले जतिसुकै मिहिनेत गरे पनि एउटा घर किन्न, आफ्नो वृद्धावस्था सुरक्षित गर्न वा चाहेको वैश्विक गन्तव्यमा घुम्न जाने खर्च जुटाउन सकिँदैन, तब उसमा जस्तोसुकै कल्याणकारी र समुन्नत व्यवस्थाप्रतिको निष्ठा पूर्ण रूपमा समाप्त हुन्छ ।

विध्वंस बनाम शान्ति

यो आन्दोलनमा अनौठो विरोधाभास पनि छ । जब पेरिस, मिलान र तिरानामा सडकहरु जलिरहेका थिए त्यतिबेला क्राकोभ र बेलग्रेडमा भएका प्रदर्शनहरू भने संयमित र शान्त थिए । महँगी, इन्धन संकट र आर्थिक दबाब त्यहाँ पनि उत्तिकै छ, तर धरोहरहरु जलाइएनन् । किनकि ती समाजहरूको ऐतिहासिक मनोविज्ञान फरक छ । पूर्वी युरोप र बाल्कनका नागरिकहरूले विगतमा कठोर साम्यवाद, अभावग्रस्त

जीवन र सत्ताको दमन नजिकबाट भोगे । उनीहरु फ्रान्स वा इटाली जस्तो 'उधारोको सुखसयल' वा औपनिवेशिक स्रोतको जगमा हुर्केका होइनन् । फ्रान्सले आन्तरिक संकट ढाक्न दशकौंसम्म अफ्रिकी मुलुकहरूको सस्तो युरेनियम र मौद्रिक सञ्चिति पेरिसमा रहने बाध्यात्मक औपनिवेशिक व्यवस्था गऱ्यो । ती मुलुकले यो सम्झौता रद्द गरिदिएपछि सुखसयलको महल भत्कियो।

तर पूर्वी युरोप र बाल्कनका 'वैचारिक प्लेग' र पशुतुल्य जीवन व्यहोरेका मानिस र तिनका सन्ततिहरूले जीवनको मूल्य बुझेका छन् । उज्यालो भविष्यको चाहना राख्छन् । अभावमा बाँच्न र प्रणालीसँग लड्न जान्दछन् । त्यसैले आफ्नै सभ्यता भत्काउने उन्माद देखाएनन्।

माक्रोंको घडी र उपभोक्तावादी लालसा

फ्रान्सेली पुँजीवाद र समाजवादमा अन्तर्निहित द्वन्द्व राष्ट्रपति एमानुअल माक्रोंको एउटा व्यवहारमा अभिव्यक्त भयो । निवृत्तिभरण सुधारविरूद्धको आन्दोलनताका टेलिभिजनमा अन्तर्वार्ता दिँदै गर्दा माक्रोंले आफ्नो महँगो घडी फुकालेर टेबुलमुनि लुसुक्क राखे । यो दृश्यले पश्चिमी युरोपको सत्ता पुँजीवादको फाइदा त चाहन्छ, तर पुँजीले सिर्जना गर्ने वैभवको रक्षा गर्ने आँट गर्न सक्दैन भन्ने देखाउँछ।

आज पेरिसका सडकमा आन्दोलनकारीहरूले सपिङ मलहरूबाट सामान लुटिरहेका छन् । सम्पदा र धरोहरहरु जलाइरहेछन् । किनकि स्थापित प्रणालीले मानिसमा चरम उपभोक्तावादी लालसा मात्रै पैदा गरेन, बहुसंख्यक युवालाई त्यो वैभवबाट सधैंका लागि वञ्चितसमेत गरिदियो । फ्रान्सेलीहरूका लागि 'स्वतन्त्रता र नागरिक अधिकार' त्यो वैभव र कलाभन्दा धेरै माथिको विषय थियो भन्ने विषय नै अब मेटियो।

रेने गिरार्डको 'बलिको बोको' र सुसाइडल एम्प्याथी

यो संकटको दार्शनिक पाटो फ्रान्सेली चिन्तक रेने गिरार्डको 'स्केपगोट मेकानिजम' हो । गिरार्डका अनुसार, जब कुनै समाज वा प्रणाली संरचनात्मक रूपमा असफल हुन्छ, तब एकअर्कामा चरम ईर्ष्या र हिंसा पैदा हुन्छ । यो हिंसाबाट बच्न भीडले सधैं एउटा 'बलिको बोको' खोज्छ, जसको बलि चढाएर शान्तिको भ्रम प्राप्त गर्छ । युरोपेली अभिजात्यले आफ्नो असफलता लुकाउन कहिले आप्रवासी त कहिले अन्य अल्पसंख्यक समुदायलाई बलिको बोको बनाउँदै छन् । उपराष्ट्रपति जेडी भान्सले यो आन्दोलनलाई 'तेस्रो विश्वका आप्रवासीहरूको आक्रमण' भन्नु आफैंले अवलम्बन गरेको संरचनाको दोष लुकाउनु हो । तर सत्य अर्कै छ- फ्रान्सका अस्पतालहरूमा एक तिहाइभन्दा बढी चिकित्सक अल्जेरियाली मूलका छन् । समस्त युरोपको अधिकांश दक्ष जनशक्ति तेस्रो विश्वका छन्।

अर्कोतर्फ, चिन्तक गाद सादले भनेझैं युरोप 'सुसाइडल एम्प्याथी'को सिकार भएको छ । राज्यले सस्तो श्रमका लागि आप्रवासी भित्र्यायो, करदाताको पैसाबाट सञ्चालन हुने संस्था र कर्मचारीतन्त्रको यस्तो परजीवी संयन्त्र खडा गऱ्यो, जो समस्या समाधानमा भन्दा आफ्नो हैसियत सुरक्षित गर्न केन्द्रित छ । हुन त सन् १८५० मै अर्थशास्त्री फ्रेडरिक बास्तियाले भनेका थिए, 'राज्य यस्तो महान् भ्रम हो, जहाँ प्रत्येक व्यक्ति अर्काको खर्चमा बाँच्ने प्रयास गर्छ । जब यो भ्रम टुट्छ, तब सडकमा विध्वंस हुन्छ ।' यसपालि त्यस्तै भयो । फ्रान्सेली युवाहरूले ६ महिनापछिको चुनाव पनि पर्खेनन् । उनीहरूले बुझे, चुनाव र प्रणाली शासक परिवर्तन गर्ने नाटक मात्र हुनेछ, नीति परिवर्तनको रूपान्तरणकारी माध्यम होइन।

लोकतान्त्रिक चेतना र शान्तिको चाहना लिमोज सहरको टाउन हल, मिलानका वित्तीय केन्द्रका काँचका चम्किला महल र तिरानाको सर्वोच्च अदालतका भग्नावशेषहरु अब पश्चिमा सभ्यताको संरचनात्मक विध्वंसको बिम्ब बने । वैभव र पहिचानका प्रतीकहरु सडकको आक्रोशमा भत्किँदा युरोपकै पहिचानमा संकट आयो । यही संकटको भुमरीबीच पेरिसमा नागरिकले स्वतन्त्रता, समानता र भ्रातृत्वको मर्म ब्युँताउन शान्तिपूर्ण प्रदर्शन गरे । सडकको यो नयाँ दृश्यमा राजनीतिक अभिजात्यहरूले व्यवस्था भत्काए पनि, धरोहरहरु खरानी भए पनि, नागरिकको हृदयमा एकता, लोकतान्त्रिक चेतना र शान्तिको चाहना जीवितै छ, जसले भत्किएका संरचनाहरूका बीचबाटै सभ्यताको नयाँ पुनर्निर्माण गर्न सक्छ भन्ने सन्देश छ।

सम्पत्तिको अधिकार, आवास संकट र स्रोतको दोहन

युरोपको आन्दोलनमा बढीजसो विद्यार्थी, मजदुर र वामपन्थीहरु सडकमा छन् । माक्रों सरकारले आन्दोलनमा हुने क्षति र तोडफोडको मूल्य आन्दोलनकारीबाटै असुल गर्ने कानुन ल्याउने भनेपछि आक्रोश झनै बढ्यो । यही बेला राष्ट्रपति चुनावका प्रत्याशी मिलासाले निजी सम्पत्तिको परम्परागत अवधारणामा प्रश्न उठाउँदै 'विस्तारित सामाजिक न्याय' को बहस थालेका छन् । उनी आफैं ठूलो सम्पत्तिका मालिक रहेकाले धेरैले यसलाई राजनीतिक नोमाक्लात्युरा भने, तर यो 'सम्पत्तिको अधिकार अनुल्लंघनीय र पवित्र' मान्ने फ्रान्सेली घोषणापत्रको विरूद्धमा छ।

अहिले फ्रान्स र समस्त युरोपको सबैभन्दा ठूलो चुनौती आवास संकट हो । फ्रान्समा मात्रै २९ लाख मानिस सार्वजनिक आवासको पर्खाइमा र साढे तीन लाख मानिस घरबारविहीन छन् । त्यहाँ ६० वर्षभन्दा माथिका मानिस कुल जनसंख्याको एक चौथाइ छ । यिनीहरूसँग फ्रान्सको ६० प्रतिशत सम्पत्तिको स्वामित्व छ र यही एक चौथाइले फ्रान्सेली सरकारले गर्ने सबै सामाजिक खर्चको दुई तिहाइ प्राप्त गर्छन् । जबकि फ्रान्सको यस्तो खर्च अरु देशभन्दा धेरै छ।

फ्रेक्जिट, प्रतिविश्वीकरण र नागरिक प्राथमिकता

फ्रान्समा बढ्दो महँगी, इन्धनको मूल्यवृद्धि र शैक्षिक बजेट कटौतीका विरूद्ध नागरिकले गरेको प्रदर्शनमा फ्रान्सलाई युरोपेली युनियन (ईयू) बाट बाहिर निकाल्ने 'फ्रेक्जिट'को नयाँ माग आएको छ । ब्रेक्जिट जस्तै यो आन्दोलनले फ्रान्सको राष्ट्रिय सार्वभौमिकता पुनर्बहाली र आफ्नै मुद्रा फ्रांक फिर्ताको मागसहित विश्वीकरण र ईयूका आर्थिक नीतिको चर्को विरोध, उद्योग र स्थानीय रोजगारी बचाउन तथा राज्यका सामाजिक सुरक्षा र अवसरहरूमा पहिलो अधिकार फ्रान्सेलीकै हुनुपर्ने नागरिक प्राथमिकताको मुद्दा उठेको छ । यसले माक्रोंको अग्रिम अवतरणसँगै एलिजे, होटल माटिन्यो र प्यालै बोर्बोनमा नयाँ अनुहार, नयाँ सोच र नयाँ कार्यशैलीको माग गरिरहेको छ।

फ्रान्सको लिमोजमा टाउन हल र अल्बानियाको तिरानामा सर्वोच्च अदालतमा भएको विध्वंस होस् या क्राकोभ र बेलग्रेडमा उत्सवसहितको प्रतिरोधी चेतना होस् वा चरम निराशा बोकेर काठमाडौं विमानस्थलमा लामबद्ध नेपाली युवा- यी सबै वैश्विक सत्ताको अलगावका जीवन्त उदाहरण हुन् । युरोपको अहिलेको दुर्दशाको मुख्य पाठ हो- उधारोको राष्ट्रिय भाष्य, परनिर्भर अर्थतन्त्र र नागरिकलाई भ्रममा राखेर शासनलाई स्वहितमा प्रयोग गर्ने नीतिले ढिलो-चाँडो विस्फोट निम्त्याउँछ । जब वर्तमान संकटग्रस्त हुन्छ, तब अतीतको गौरवशाली इतिहासले वर्तमानको भोको पेट भर्न सक्दैन । शासकहरु नागरिकको आवाज सुन्ने आदिम लोकतान्त्रिक चरित्रमा फेरि फर्कनैपर्छ । अन्यथा इतिहासको न्याय निकै क्रूर हुनेछ। -कान्तिपुर

बढ्यो वैदेशिक व्यापार
असोजमै साढे दुई खर्बको वस्तु आयात

काठमाडौं/बाढीपहिरोले चीनसँग जोडिने अन्तर्राष्ट्रिय व्यापारिक मार्ग अवरूद्ध हुँदा पनि चालू आर्थिक वर्ष ०८३/८४ को पहिलो त्रैमासमा वस्तु आयात ३८.९८ प्रतिशतले बढेको छ । भन्सार विभागले बुधबार सार्वजनिक गरेको वैदेशिक व्यापारसम्बन्धी तथ्यांकले आयातमा उच्च उछाल देखाएको हो ।

चालू आवको पहिलो त्रैमासमा ६ खर्ब ४६ अर्ब ७८ करोड २५ लाख रूपैयाँको वस्तु आयात भएको छ । गत आवको सोही अवधिमा भने चार खर्ब ६८ अर्ब आठ करोड ३३ लाख रूपैयाँको वस्तु आयात भएको थियो । साउनमा एक खर्ब ८७ अर्ब ४४ करोड ३६ लाख र भदौमा दुई खर्ब १४ अर्ब सात करोड ५३ लाख रूपैयाँको वस्तु आयात भएको थियो । तर, असोजमा मात्रै दुई खर्ब ४५ अर्ब २६ करोड ३५ लाख रूपैयाँको वस्तु आयात भएको छ । गत आवको असोजमा भने एक खर्ब ६२ अर्ब ९२ करोड ८२ लाख रूपैयाँको वस्तु आयात भएको थियो । यो तथ्यांकले पनि असोजमा आयात उच्च दरमा बढेको देखिन्छ ।

नेपालको वैदेशिक व्यापारमा चीनको दोस्रो ठुलो हिस्सा छ । तर, चीनसँग जोडिने तातोपानी नाका १ साउनदेखि नै बन्द छ । १५ भदौदेखि यसलाई अनिश्चितकालीन रूपमा बन्द गरिएको छ । यता १० भदौको बाढीले सडक, भन्सार र अध्यागमनसम्बन्धी सबै पूर्वाधार बगाएपछि रसुवागढी नाका पनि बन्द छ । त्यसपछि चीनसँगको व्यापारमा मुस्ताङस्थित कोरला नाकाको प्रयोग बढेको छ । तर, ११ असोजमा कालीगण्डकी नदीमा आएको बाढीले कालीगण्डकी करिडोर लामो समयसम्म अवरूद्ध गरायो । बाढीपहिरोका कारण मुलुकभित्रका यातायात सञ्जाल पनि अवरूद्ध भए । त्यसका बाबजुद पनि वैदेशिक व्यापारमा भने उछाल आएको छ ।

मुख्यतः दसैंतिहार तथा छठलक्षित व्यापारले आयात बढाएको देखिन्छ । भन्सार विभागका महानिर्देशक यमलाल भुसालले वैदेशिक व्यापारमा उछाल नै आएको बताए । मुख्यतः दसैंतिहारलक्षित सामग्रीको व्यापारले आयात बढाएको उनको भनाइ छ ।

'मुख्यतः चाडपर्वले नै आयात बढाएको हो । यसपालि बाढीपहिरोले पटक-पटक चीनसँग जोडिएको व्यापारिक नाका अवरूद्ध भए । देशभित्रकै सडक सञ्जाल पनि पटक-पटक अवरूद्ध भए । त्यसका बाबजुद पनि असोजमा वैदेशिक व्यापारमा उछाल नै आएको छ । उत्तरतर्फको नाका अवरूद्ध भए पनि अन्य नाकाबाट गरिएको व्यापार सहजीकरणले पनि सहयोग पुग्यो,' उनले भने, 'मुख्यतः चाडपर्वले नै आयात बढाएको हो । तिहारसम्म यो प्रवृत्ति कायम रहन्छ ।' विगतका वर्षमा पनि यो बेलामा आयात उच्च हुने गर्थ्यो । यसपालि पनि त्यो प्रवृत्ति कायम रहेको उनले बताए ।

समीक्षा अवधिमा नेपालको वस्तु निर्यात ५७.०३ प्रतिशतले बढेको छ । गत आवको तीन महिनामा ७२ अर्ब ७८ करोड २८ लाख रूपैयाँको निर्यात भएको थियो । चालू आवको तीन महिनामा एक खर्ब १४ अर्ब २८ करोड रूपैयाँको वस्तु निर्यात भएको छ । पहिलो त्रैमासमै एक खर्बमाथिको निर्यात हुनुलाई सकरात्मक रूपमा हेरिएको छ । असोजमा मात्रै ३७ अर्ब ७० करोड नौ लाख रूपैयाँको वस्तु आयात भएको छ । गत आवको असोजमा २५ अर्ब ४६ करोड ५१ लाख रूपैयाँको वस्तु आयात भएको थियो ।

उच्च दरमा निर्यात बढ्दा पनि व्यापार घाटा भने घट्न सकेको छैन । समीक्षा अवधिमा निर्यात ५७.०३ प्रतिशतले बढ्दा व्यापार घाटा पनि ३४.७१ प्रतिशतले बढेको छ । गत आवको तीन महिनामा तीन खर्ब ९५ अर्ब ३० करोड पाँच लाख रूपैयाँको व्यापार घाटा भएको थियो । तर, चालू आवको पहिलो तीन महिनामा पाँच खर्ब ३२ अर्ब ४९ करोड ४० लाख रूपैयाँबराबरको व्यापार घाटा भएको छ । समीक्षा अवधिमा आयात पनि ३८.९८ प्रतिशतले बढेको छ । त्यसमाथि आयातको आकार पनि ठुलो छ । यता निर्यातको वृद्धिदर उच्च भए पनि आयातको तुलनामा यसको आकार भने न्यून छ । त्यसले गर्दा व्यापार घाटा बढेको देखिन्छ ।

समग्रमा आयात र निर्यातसहित कुल वैदेशिक व्यापार ४०.७१ प्रतिशतले बढेको छ । गत आवको तीन महिनामा पाँच खर्ब ४० अर्ब ८६ करोड ६१ लाख रूपैयाँको वैदेशिक व्यापार भएको थियो । चालू आवको तीन महिनामा भने सात खर्ब ६१ अर्ब सात करोड नौ लाखको वैदेशिक व्यापार भएको छ । त्यसमा निर्यातको १५.०२ प्रतिशत र आयातको ८४.९८ प्रतिशत हिस्सा छ । गत आवको समीक्षा अवधिमा निर्यातको १३.४६ प्रतिशत र आयातको ८६.५४ प्रतिशत हिस्सा थियो । समीक्षा अवधिमा वैदेशिक व्यापारमा निर्यातको हिस्सा पनि बढेको छ ।

समीक्षा अवधिमा चीनतर्फको आयात निर्यात दुवै बढेको छ । १० भदौको रसुवाबाढीले चीनतर्फको सबैभन्दा ठुलो व्यापारिक टिमुरे नाका बगाएको छ । असोज ११ गतेको बाढीले पनि कोरला नाका जोड्ने कालीगण्डकी करिडोर अवरूद्ध गरायो । त्यसका बाबजुद चीनतर्फको आयात निर्यात बढेको छ । चीनबाट हुने आयात २८.०४ प्रतिशतले बढेको छ । गत आवको तीन महिनामा चीनबाट एक खर्ब चार अर्ब ८९ करोड ४२ लाख रूपैयाँको वस्तु आयात भएको थियो । चालू आवको तीन महिनामा एक खर्ब ३४ अर्ब ३१ करोड पाँच लाख रूपैयाँको वस्तु आयात भएको छ ।

यस्तै, निर्यात पनि २५९.७१ प्रतिशतले बढेको छ । गत आवको तीन महिनामा १८ करोड ६४ लाख २३ हजार रूपैयाँको वस्तु निर्यात भएको थियो । चालू आवको तीन महिनामा ६७ करोड पाँच लाख ९८ हजार रूपैयाँको वस्तु निर्यात भएको छ ।

सिद्धबाबा सुरुङ निर्माण अन्तिम चरणमा, सामग्री अभावले सञ्चालनमा ढिलाइ हुने

सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-पाल्पा सडकखण्डमा निर्माणाधीन सिद्धबाबा सुरुङमार्गको भौतिक निर्माणतर्फको काम अन्तिम चरणमा पुगेको छ । तर, सुरुङभित्रको भेन्टिलेसन, प्रकाश व्यवस्थापन र अन्य विद्युतीय तथा यान्त्रिक उपकरण जडान गर्न आवश्यक सामग्री उपलब्ध नहुँदा सुरुङ सञ्चालनमा ल्याउन ढिलाइ हुने भएको छ । आयोजनाका प्रमुखसमेत रहेका डिभिजन सडक कार्यालय बुटवलका प्रमुख तथा वरिष्ठ डिभिजनल इन्जिनियर (सिडिई) नवराज बाँस्तोलाका अनुसार सुरुङभित्रको भौतिक निर्माणतर्फ करिब ९५ प्रतिशत काम पूरा भएको छ ।

अब सुरुङ सञ्चालनका लागि आवश्यक विद्युतीय तथा यान्त्रिक उपकरण जडान, सुरुङबाहिरको रकसेड निर्माण, पहिरो रोकथाम र सडक सुधारका काम बाँकी छन् । 'सुरुङभित्रको मुख्य काम लगभग सकिएको छ । भेन्टिलेसन, लाइटिङ र सञ्चालनका लागि आवश्यक उपकरण जडान गर्न बाँकी छ ।

आवश्यक सामग्री आइपुग्यो भने दुई महिनाभित्र सुरुङबाट गाडी चलाउन सकिन्छ,' बाँस्तोलाले भने । तर, सामग्री आइपुग्ने समय निश्चित नभएकाले सञ्चालनको मिति अहिले नै तोक्न नसकिने उनले स्पष्ट पारे । बाढीले अवरोध नगरेको भए मंसिरसम्ममा सञ्चालनमा ल्याउने गरी काम हुँदै आएको थियो । तर, अब मंसिरमा सञ्चालन हुने सम्भावना नरहेको आयोजनाले जनाएको छ । सुरुङ सञ्चालनका लागि आवश्यक जेट फ्यान, भेन्टिलेसन प्रणाली, प्रकाश व्यवस्थापन र अन्य विद्युतीय तथा यान्त्रिक उपकरण जडान गर्नुपर्नेछ ।

त्यस्तै, सुरुङबाहिरको रकसेड निर्माण र पहाडबाट खस्ने ढुंगामाटो रोक्न रकफल ब्यारियर तथा स्लोप प्रोटेक्सनका संरचना निर्माण गर्न पनि बाँकी छ । आयोजनाको काममा यी संरचना महत्वपूर्ण भएकाले सुरुङभित्रको निर्माण सकिँदैमा समग्र आयोजना पूरा नहुने बाँस्तोलाले बताए ।

सुरुङमार्गको समग्र भौतिक प्रगति भने करिब ७० प्रतिशत पुगेको छ । त्यस्तै, आयोजनाको वित्तीय प्रगति भने करिब ६५ प्रतिशत रहेको छ । सुरुङमार्ग निर्माणका लागि आवश्यक उपकरण तथा सामग्री ढुवानीमा समस्या देखिएको छ । भोटेकोशी क्षेत्रमा आएको बाढीपछि निर्माण कम्पनीले केरुङ नाकामा रहेका सामग्री कोरला नाकातर्फ स्थानान्तरण गरेको छ । तर, कोरला नाकाबाट सामग्री ल्याउन आवश्यक कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडक पूर्ण रूपमा सञ्चालनमा नआएकाले ढुवानी प्रभावित भएको बाँस्तोलाले जानकारी दिए ।

'सामग्री केरुङबाट कोरलातर्फ पठाइएको छ । तर, कोरला हुँदै यहाँसम्म ल्याउने सडक पूर्ण रूपमा सञ्चालनमा नआउँदासम्म आवश्यक उपकरण ल्याउन कठिन छ । विशेषगरी भेन्टिलेसन, लाइटिङ र अपरेसन बिल्डिङका उपकरण नआएसम्म सुरुङ सञ्चालन गर्न सकिँदैन,' उनले भने । सामग्री ढुवानीको समस्या लम्बिए सुरुङ सञ्चालनको समय पनि प्रभावित हुन सक्ने उनको भनाइ छ । यद्यपि, उपकरणको प्रतीक्षा गर्नुपर्ने कामबाहेक अन्य निर्माणकार्यलाई निरन्तरता दिने तयारी गरिएको छ । आयोजनाको बाँकी काममध्ये सुरुङबाहिरको रकसेड निर्माण र स्लोप प्रोटेक्सन मुख्य छन् । रकसेड निर्माणको हिस्सा करिब २० प्रतिशत र स्लोप प्रोटेक्सनको हिस्सा करिब १० प्रतिशत रहेको आयोजनासम्बद्ध विवरण छ । सुरुङबाट सवारी सञ्चालन भएपछि बाहिरी क्षेत्रमा रकसेड निर्माणलगायतका काम गर्न सहज हुने बाँस्तोलाले बताए ।

'सुरुङ सञ्चालनका लागि आवश्यक उपकरण आउने समय निश्चित छैन । तर, स्लोप प्रोटेक्सन र सडक निर्माणको काम तत्काल अघि बढाउँछौं । सुरुङ सञ्चालन र बाहिरी संरचनाको निर्माणलाई सँगसँगै अघि बढाउने हाम्रो तयारी छ,' उनले भने । सुरुङको मुख्य भौतिक संरचना निर्माण लगभग पूरा भए पनि बाँकी उपकरण जडान र बाहिरी संरचना निर्माणले समग्र प्रगतिलाई प्रभावित गरेको छ । आवश्यक सामग्रीको उपलब्धता र ढुवानी व्यवस्थाले अबको निर्माण गति निर्धारण गर्ने देखिएको छ ।

सिद्धार्थ राजमार्गको बुटवल-तानसेन सडकखण्डमा पर्ने सिद्धबाबा क्षेत्रमा एक हजार एक सय २६ मिटर लामो सुरुङ निर्माण भइरहेको छ । चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले सात अर्ब ३४ करोड २१ लाख चार हजार सात सय ३४ रुपैयाँमा निर्माणको ठेक्का पाएको थियो ।

खेलकुद

दीपेन्द्रको अर्धशतकमा सुदूरपश्चिमको सानदार जित

कप्तान दीपेन्द्रसिंह ऐरी र ईशान पाण्डेको ७४ रन साझेदारीमा दुईपटकको साबिक उपविजेता सुदूरपश्चिम रोयल्सले बुधबार तेस्रो नेपाल प्रिमियर लिग (एनपिएल)मा पोखरा एभेन्जर्सलाई ६ विकेटले हराएको छ । सुदूरपश्चिमले दोस्रो खेलमा पहिलो जित निकालेको हो ।

सुदूरपश्चिमको जितमा दीपेन्द्रले महत्वपूर्ण ५१ रन बनाए । उनले ३६ बलमा चार चौका र दुई छक्का प्रहार गरेका थिए । उनको ब्याटिङ स्ट्राइक १४१.६६ रह्यो । चौथो विकेटका लागि म्याच विनिङ साझेदारी गरेका ईशानले पनि ३१ बलमा समान दुई चौका र छक्का प्रहार गरी ३७ रन बनाए ।

त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको पोखराले २० ओभरमा सात विकेट गुमाउँदै १४५ रन बनाएको थियो । प्रत्युत्तरमा सुदूरपश्चिमले १६.५ ओभरमा चार विकेट गुमाउँदै लक्ष्य प्राप्त गर्‍यो । कुशल भुर्तेलको कप्तानीमा रहेको पोखरा पहिलो खेलमा पराजित भयो । एनपिएल इतिहासमा पोखरा मात्र प्लेअफमा पुग्न नसकेको एक मात्र टोली हो ।

सुदूरपश्चिमले सानदार जित निकाले पनि ओपनिङ जोडीले गतिलो योगदान दिन सकेनन् । ओपनर विनोद भण्डारी ४ र सैफ जैब १५ रनमा आउट भए । सुदूरपश्चिमले ६.३ ओभरमा तीन विकेट गुमाएर ५६ रन बनाएको थियो । दीपेन्द्र र ईशानले १३.३ ओभरसम्म ब्याटिङ गर्दै जितको आधार बनाए ।

पहिलो इनिङ्समा पोखराका लागि अर्जुन घर्तीले अविजित ४० रनको योगदान दिए । उनले अन्तिम ओभरमा दुई चौका र एक छक्का प्रहार गर्दा पोखराले सुदूरपश्चिमविरूद्ध प्रतिस्पर्धात्मक योगफल खडा गरेको हो । अर्जुनले पहिलोपटक पोखराबाट खेलेका हुन् । कर्णालीबाट दुई संस्करण खेलेका अर्जुनलाई यसपटक रिटेन गरेन । पोखराका बंगलादेशी ओपनर मेहदी हसनले २१ बलमा ३२ रन बनाए । उनले चार चौका र एक छक्का हिर्काए । उनलाई अनिल खरेलले दीपेन्द्रबाट क्याच गराएका थिए ।

कप्तान कुशल भुर्तेलले १७ बलमा २१ रन बनाए । श्रीलंकाका सदिरा समरविक्रमाले ८ र धनञ्जयले ११ रनको योगदान गरेका थिए । बलिङमा सुदूरपश्चिमका अनिल खरेलले तीन ओभरमा २३ रन दिएर सर्वाधिक तीन विकेट लिएका थिए ।

विश्वकीर्तिमानी बलर अख्तर त्रिवि मैदानमा

फास्ट बलरका लागि पाकिस्तानकी बलर सोएब अख्तर आदर्श खेलाडी हुन् । पिचमा अख्तरको जस्तै फास्ट बलिङ गर्ने सबै बलरको चाहना हुन्छ । तर, उनको जति फास्ट बलिङ कसैले गर्न सकेका छैनन् । उनीनजिक अस्ट्रेलियाका दुई बलर पुगेका छन् । अस्ट्रेलियाका बलरद्वय ब्रेट ली र साउन टैटले कुनै समय अख्तरमाथि दबाब बनाएका थिए । तर, ती दुवै पछि परे । क्रिकेटमा उनको नाममा अहिलेसम्म नतोडिएको एउटा रेकर्ड छ ।

सन् २००३ को दक्षिण अफ्रिकाको केपटाउनमा भएको विश्वकपमा उनले इंग्ल्यान्डविरूद्ध १६१.३ किलोमिटर प्रतिघण्टाको गतिमा बलिङ गरेर विश्वकीर्तिमान बनाएका थिए । यो कीर्तिमान कसैले तोड्न सकेका छैनन् । ब्रेट ली र टैट थोरै अन्तरले पछि छन् । सन् २००५ मा लीले न्युजिल्यान्डविरूद्ध १६१.१ किलोमिटर प्रतिघण्टाको स्पिडमा बलिङ गरेका थिए । टैटले पनि सन् २०१० मा इंग्ल्यान्डविरूद्ध १६१.१ किलोमिटर प्रतिघण्टाको स्पिडमा बलिङ गरेका थिए ।

रावलपिन्डी एक्सप्रेस नामले प्रसिद्ध अख्तर अहिले नेपाल प्रिमियर लिग (एनपिएल)मा विश्लेषक रूपमा काठमाडौंमा छन् । एनपिएल सुरु हुनुभन्दा एक दिनअघि उनी काठमाडौं आएका हुन् । एनपिएलअन्तर्गत साबिक विजेता लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्सबिचको उद्घाटन खेलको समीक्षा अख्तरले गरेका थिए । एनपिएलअन्तर्गत जनकपुर बोल्ट्स र कर्णाली याक्सबिचको खेलका दौरान अख्तर त्रिवि क्रिकेट मैदानमा एक्कासि पुगे ।

क्यानका पदाधिकारी र सुरक्षाकर्मीबिच उनले त्रिवि रंगशालाको एक फन्को मारेका थिए । फास्ट बलर र कमेन्टेटरका रूपमा टेलिभिजनको पर्दामा देखिने अख्तर मैदानमा देखिँदा जनकपुर र कर्णालीका समर्थक दंग परे । पहिलो इनिङ्सपछि मैदानबाट दर्शकलाई अभिवादन गर्दै उनी बाहिरिए । अख्तरले निकै छोटो समयमै एनपिएलले टी-२० फ्रेन्चाइजमा ब्रान्ड बनाएको बताएका थिए । 'एनपिएलले तेस्रो संस्करणमै आइसिसीको मान्यता पाउनुका साथै एउटा फरक ब्रान्ड बनाएको छ,' उनले भनेका थिए, 'यहाँको क्रिकेटमयी वातावरणदेखि दंग छु ।' अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागी हुँदा पनि अख्तरले नेपाली खेलाडीको खुलेर प्रशंसा गर्थे ।

उनी भन्थे, 'एसोसिएट राष्ट्रमा नेपालमा जस्तो समर्थक र क्रेज अन्य देशमा पाउन सकिँदैन ।' तेस्रो एनपिएलमा पाकिस्तानी खेलाडी पनि सहभागी छन् । तर, पाकिस्तान क्रिकेट बोर्डले एनओसी लेटर नदिँदा अनुबन्धित पाकिस्तानी खेलाडी अन्योलमा छन् ।

कर्पोरेट

● ग्लोबललाई तेस्रोपटक बेस्ट बैंक अवार्ड

ग्लोबल आइएमई बैंक लिमिटेड प्रतिष्ठित अन्तर्राष्ट्रिय आर्थिक पत्रिका 'ग्लोबल फाइनान्स'द्वारा प्रदान गरिने बेस्ट बैंक अवार्ड-२०२६ बाट सम्मानित भएको छ । यससँगै बैंक लगातार तेस्रो वर्ष ग्लोबल फाइनान्स म्यागाजिनको बेस्ट बैंक अवार्डबाट सम्मानित भएको हो । बैंक सन् २०२४ र २०२५ मा पनि सोही विधामा सम्मानित भएको थियो ।

बैंकक, थाइल्यान्डमा आयोजित एक कार्यक्रममा ग्लोबल फाइनान्सका प्रतिनिधिले बैंकका नायब प्रमुख कार्यकारी अधिकृतद्वय सुमन पोखरेल र दीपचन्द्र रेग्मीलाई उक्त अवार्ड हस्तारण गरेका हुन् ।

ग्लोबल फाइनान्सले वित्तीय स्रोत परिचालनको क्षमता, संस्थागत विश्वसनीयता, भौगोलिक तथा डिजिटल पहुँच विस्तार, रणनीतिक व्यावसायिक साझेदारी, ग्राहकमैत्री नवप्रवर्तन, अत्याधुनिक प्रविधि तथा कृत्रिम बौद्धिकता (एआई)को सफल प्रयोग, दिगो कर्जा प्रवाह एवं सबल जोखिम व्यवस्थापनलाई मुख्य आधार मानेर बैंकलाई पुरस्कृत गरेको जनाएको छ ।

समारोहमा एसिया-प्रशान्त क्षेत्रसहित विश्वभरका प्रमुख वित्तीय संस्थाहरूलाई समेत पुरस्कृत गरिएको थियो । जसमा हङकङको बैंक अफ चाइना, भारतको स्टेट बैंक अफ इन्डिया, चीनको आइसिबिसी, नेपालको ग्लोबल आइएमई बैंक, मलेसियाको युओबी मलेसिया, बंगलादेशको सिटी बैंक, जापानको एमयुएफजी बैंक विभिन्न विधामा सम्मानित भएका छन् । बैंकका अनुसार यस सम्मानले बैंकलाई थप उत्कृष्ट सेवा प्रदान गर्न प्रोत्साहित गरेको छ । ग्लोबल आइएमई ग्लोबल फाइनान्सको यस प्रतिष्ठित अवार्डबाट सम्मानित हुने पहिलो नेपाली बैंक हो ।

● एनएमबि बैंक र भिजाबिच 'भिजा डाइरेक्ट टु एकाउन्ट' सेवाका लागि सम्झौता

एनएमबि बैंक लिमिटेडले आफ्नो अन्तर्राष्ट्रिय रकम स्थानान्तरण सेवा विस्तार गर्न भिजासँग 'भिजा डाइरेक्ट टु एकाउन्ट' सेवाका लागि सम्झौता गरेको छ। भिजाको यो प्रविधि विश्वका १९५ भन्दा बढी देश तथा क्षेत्रहरूमा सफलतापूर्वक सञ्चालनमा आइसकेको बैंकले जानकारी दिएको छ।

यस सम्झौतापश्चात् एनएमबि बैंकका ग्राहकहरूलाई विदेशमा रकम पठाउने नयाँ र सहज विकल्प प्राप्त हुने बैंकले विश्वास व्यक्त गरेको छ। यो प्रविधि प्रयोग गरी ग्राहकहरूले झन्झटविना अझ भरपर्दो र सुरक्षित रूपमा रकम स्थानान्तरण गर्न सक्ने बैंकले जनाएको छ। एनएमबि बैंकले हाल देशभरि १९७ शाखाहरू, १७६ एटिएमहरु र नौ एक्स्टेन्सन काउन्टरहरूमार्फत उच्चस्तरीय बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

● सानिमा बैंकको नाफा एक अर्ब नाघ्यो

चालू आर्थिक वर्षको पहिलो त्रैमाससम्म बैंकको नाफा, प्रतिसेयर आम्दानी र इक्विटीलगायत प्रमुख वित्तीय सूचकमा सुधार देखिएको छ ।

समीक्षा अवधिमा बैंकको खुद नाफा १३१.१३ प्रतिशतले बढेर एक अर्ब पाँच करोड रूपैयाँ पुगेको छ । बैंकको वित्तीय विवरणअनुसार यस अवधिमा इक्विटीमा प्रतिफल (आरओई) पनि बढेको छ । गत वर्षको सोही अवधिमा ७.६८ प्रतिशत रहेको यस्तो प्रतिफल बढेर १५.६० प्रतिशत पुगेको हो ।

त्यसैगरी गत आवमा बैंकको प्रतिसेयर आम्दानी १३.१५ रूपैयाँ रहेकामा चालू आवको असोज मसान्तसम्म बढेर २९.१७ रूपैयाँ पुगेको बैंकले जनाएको छ । यस्तै, बैंकको प्रतिसेयर कुल वितरणयोग्य नाफा १९.२७ रूपैयाँबाट बढेर २७.५८ रूपैयाँ पुगेको छ । बैंकको कर्जा तथा सापटीमा पनि वृद्धि भएको छ ।

खुद कर्जा तथा सापटी १.६९ प्रतिशतले बढेर २०७ अर्ब ४३ करोड रूपैयाँ पुगेको छ । त्यस्तै, निक्षेप ११.८४ प्रतिशतले बढेर २५४ अर्ब ९३ करोड रूपैयाँ पुगेको बैंकले जनाएको छ ।

● नेपाल बैंकको सर्वसुलभ कर्जा योजना

नेपाल बैंकले स्थापनाको ९०औँ वार्षिकोत्सवका अवसरमा ९० दिनका लागि न्यून ब्याजदर तथा सेवा शुल्कसहित सर्वसुलभ आवास कर्जा योजना ल्याएको छ । यसअन्तर्गत ग्राहकले घर खरिद, निर्माण तथा मर्मत र अपार्टमेन्टसमेत खरिद गर्न सक्नेछन् । बैंकका अनुसार, आधार दरमा ०.५ प्रतिशत प्रिमियम ब्याजदरबाट सुरू हुने यो कर्जाको अवधि अधिकतम २५ वर्षसम्म हुनेछ, जसमा ०.२५ प्रतिशत मात्र सेवा शुल्क लाग्नेछ ।

त्यसैगरी कर्जा लिने ग्राहकले बैंकबाट पाँच लाखसम्मको लाइफटाइम निःशुल्क क्रेडिट कार्ड सुविधा र लकर सुविधाको वार्षिक शुल्कमा ५० प्रतिशत छुटसमेत पाउनेछन् । यो योजनाको अवधि १५ कातिकदेखि १५ माघ अर्थात् ९० दिनसम्मका लागि रहने बैंकले जनाएको छ ।

● एनपिएललक्षित टेलिकमको अनलिमिटेड प्याकेज

नेपाल टेलिकमले नेपाल प्रिमियर लिग तेस्रो संस्करण (एनपिएल)लाई लक्षित गरी एनपिएल अनलिमिटेड प्याकेज सञ्चालनमा ल्याएको छ ।

प्याकेजअन्तर्गत टेलिकमका प्रिपेड तथा पोस्टपेड प्रयोगकर्ताले ५९९ रूपैयाँमा उक्त प्याकेज खरिद गर्न सक्नेछन् । यो प्याकेजमा ३३३ मिनेट अन-नेट भ्वाइस कल गर्न सकिनेछ भने प्रतिदिन आठ जिबी डेटा उपलब्ध हुने कम्पनीले जनाएको छ ।

प्याकेज एनपिएल अवधिभर अर्थात् १० कातिकदेखि ५ मंसिरसम्म प्याकेज खरिद गर्न सकिने बताइएको छ । सो प्याकेजको समयावधि भने ३० दिनको हुनेछ । पोस्टपेड मोबाइल प्रयोगकर्ताले लिएको प्याकेजको शुल्क मासिक रेन्टल चार्जमै समावेश हुने टेलिकमले जनाएको छ । टेलिकम एनपिएलको अफिसियल टेलिकम पार्टनरसमेत रहेको छ ।

● स्ट्यान्डर्ड चार्टर्डको १६ प्रतिशत लाभांश घोषणा

स्ट्यान्डर्ड चार्टर्ड बैंक, नेपाल लिमिटेडले १६ प्रतिशत नगद लाभांश वितरण गर्ने घोषणा गरेको छ । ९ कातिकमा बसेको बैंक सञ्चालक समिति बैठकले गत आर्थिक वर्षको मुनाफाबाट हाल कायम चुक्ता पुँजीको १६ प्रतिशत (करसहित) नगद लाभांश वितरण गर्ने निर्णय गरेको हो ।

बैंकको प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृति तथा बैंकको आगामी वार्षिक साधारणसभाबाट पारित भएपछि सेयरधनीमा वितरण हुनेछ ।

● सिद्धार्थ बैंकको एपमा 'सिद्धार्थ एनपिएल क्रिकेट च्यालेन्ज'

सिद्धार्थ बैंक लिमिटेडले नेपाल प्रिमियर लिग (एनपिएल) तेस्रो संस्करणलाई लक्षित गर्दै मोबाइल बैंकिङ एपमा 'सिद्धार्थ एनपिएल क्रिकेट च्यालेन्ज' सञ्चालनमा ल्याएको छ । बैंकले एनपिएलसँगको सहकार्यलाई डिजिटल माध्यमसँग जोड्दै ग्राहक तथा क्रिकेटप्रेमीलाई मनोरञ्जनसँगै लोयल्टी प्वाइन्ट आर्जन गर्न यो सुविधा सञ्चालनमा ल्याएको हो ।

एपको लगइन स्क्रिनमा उपलब्ध यस गेममा प्रयोगकर्ताले लगइन नगरी पनि सहभागी हुन सक्नेछन् । गेममा एनपिएलका आठ टोलीमध्ये आफूलाई मनपर्ने टोली छनोट गरी ब्याटिङ तथा बलिङ गर्न सकिनेछ । ब्याटिङमा बनाएको प्रत्येक रनबापत १ र बलिङमा लिएको प्रत्येक विकेटबापत ६ सिद्धार्थ लोयल्टी प्वाइन्ट प्राप्त हुनेछ ।

बैंकका अनुसार यस बैंकमा खाता भएका ग्राहकले आर्जित प्वाइन्ट सिद्धार्थ रिवार्ड्स प्लाटफर्ममार्फत रिडिम गर्न सक्नेछन् । बैंकमा खाता नभएका प्रयोगकर्ताले पनि गेम खेल्न र प्वाइन्ट संकलन गर्न सक्ने सुविधा छन् । यद्यपि, संकलित प्वाइन्ट रिडिम गर्न बैंकमा खाता खोली मोबाइल बैंकिङ सेवा लिनुपर्नेछ । यस पहलमार्फत बैंकले क्रिकेटको लोकप्रियतालाई डिजिटल बैंकिङसँग जोड्दै ग्राहकको सहभागिता अभिवृद्धि गर्ने तथा बैंकिङ अनुभवलाई थप रोचक बनाउने उद्देश्य राखेको छ ।

● सिटिजन लाइफको लगानी ३३ अर्ब, ग्राहककेन्द्रित सेवा विस्तारमा जोड

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले आफ्नो लगानी करिब ३३ अर्ब रूपैयाँ पुगेको जनाएको छ । कम्पनीले नवौँ वार्षिकोत्सवका अवसरमा वित्तीय अवस्था थप सुदृढ बनाउँदै डिजिटल सेवा, प्रविधिमा आधारित प्रक्रिया र ग्राहककेन्द्रित सेवामा जोड दिएको जनाएको हो । वार्षिकोत्सवका अवसरमा रक्तदानलगायतका कार्यक्रम पनि गरिएको छ ।

कम्पनीका अनुसार 'च्यालेन्जिङ बट अचिभेबल, एग्रेसिभ बट सस्टेनेबल' भन्ने यस वर्षको मूल भावनासहित कम्पनीको यात्रा अघि बढिरहेको छ । प्राकृतिक विपत्का कारण विभिन्न परिवारले प्रियजन गुमाउनुका साथै घर, सम्पत्ति र पूर्वाधारमा क्षति पुगेको अवस्थालाई स्मरण गर्दै कम्पनीले प्रभावित परिवारप्रति समवेदना व्यक्त गरेको छ । कठिन परिस्थितिबाट सामान्य जीवनतर्फ फर्किन र नयाँ आशाका साथ अघि बढ्न सबैलाई विश्वास व्यक्त गरेको छ ।

● मेटलाइफ नेपालद्वारा अनलाइन दाबी ट्र्याकिङ सेवा सुरु

मेटलाइफ नेपालले नयाँ ग्राहक दाबी प्रक्रिया ट्र्याकिङ प्रणाली सुरू गरेको छ। यस सेवामार्फत ग्राहकले ग्राहक सेवामा फोन नगरी वा शाखामा उपस्थित नभई आफ्नो दाबीसम्बन्धी अद्यावधिक जानकारी सहज र सुरक्षित रूपमा प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ।

दाबीसम्बन्धी जानकारीमा ग्राहकको पहुँच र पारदर्शिता अभिवृद्धि गर्न नेपाल बिमा प्राधिकरणको निर्देशनअनुरूप सुरु गरिएको यो नयाँ सेवामार्फत ग्राहकहरूले आफ्नो दाबीको अवस्था अनलाइनमार्फत जुनसुकै समय र जहाँबाट पनि ट्र्याक गर्न सक्नेछन्। ग्राहकहरूले मेटलाइफ नेपालको वेबसाइटमार्फत आफ्नो दाबी प्रक्रियाको प्रगति, हालको समीक्षा चरण तथा पूरा गर्न बाँकी रहेका आवश्यक विवरण वा कागजातहरु हेर्न सक्नेछन् ।

मेटलाइफ नेपालका महाप्रबन्धक निर्मलकाजी श्रेष्ठले भने, 'बिमा भनेको अन्ततः ग्राहकलाई सबैभन्दा आवश्यक परेको समयमा गरिएको प्रतिबद्धता पूरा गर्नु हो, र दाबी भुक्तानी त्यस प्रतिबद्धताको महत्वपूर्ण पक्ष हो। ग्राहकहरूले दाबी दर्ता गरेपछि देखिन सक्ने अनिश्चितता कम गर्दै अझ बढी पारदर्शितामार्फत उनीहरूको विश्वास बढाउन मद्दत मिल्छ।'

● जलाशययुक्त आयोजनामा सहकार्य गर्न अन्तर्राष्ट्रिय समुदायलाई इप्पानको आग्रह

नेपालमा जलाशययुक्त जलविद्युत् आयोजना विकासका लागि सहकार्य गर्न क्यानाडासहित अन्तर्राष्ट्रिय समुदायलाई स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले आग्रह गरेको छ । क्यानडा ड्याम एसोसिएसनको वार्षिक सम्मेलन २०२६ तथा 'ट्रेड सो' कार्यक्रमलाई सम्बोधन गर्दै इप्पानका अध्यक्ष मोहनकुमार डाँगीले क्यानडासँग बाँध इन्जिनियरिङ, जलाशययुक्त आयोजना, जलविद्युत् प्रविधि र जलवायु उत्थानशील पूर्वाधार विकासमा रहेको अनुभव उपयोगी हुने भन्दै क्यानडासँग सहकार्य गर्न सकिने बताएका हुन् । नेपालले पर्याप्त जलविद्युत् सम्भावना र विस्तार हुँदै गएको ऊर्जा बजार उपलब्ध गराउन सक्ने भएकाले दुवै देशका लागि लाभदायक साझेदारीको अवसर रहेको उनले उल्लेख गरे ।

'सन् १९९९ देखि जलविद्युत् क्षेत्रमा निजी क्षेत्रको सहभागिता सुरु भएपछि नेपालको विद्युत् उत्पादन क्षमतामा उल्लेखनीय वृद्धि भएको छ,' उनले भने, 'नेपालमा विद्युत् उत्पादनको कुल जडित क्षमता करिब ४.३ गिगावाट पुगेको छ, जसमध्ये ८० प्रतिशतभन्दा बढी क्षमता निजी क्षेत्रबाट विकास गरिएका आयोजनाको योगदान छ ।'

नेपालले सन् २०३५ सम्म विद्युत् उत्पादनको जडित क्षमता ३० हजार मेगावाट पुर्‍याउने महत्वाकांक्षी लक्ष्य लिएको बताउँदै डाँगीले यो लक्ष्य हासिल गर्न हालको क्षमताबाट थप २४ हजार मेगावाटभन्दा बढी विद्युत् उत्पादन गर्नुपर्ने बताए ।

● मन्त्री श्रेष्ठद्वारा जलवायु तथा भू-विपत सामना गर्न क्षेत्रीय सहकार्यमा जोड

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले जलवायु परिवर्तनबाट सिर्जित विपत् न्यूनीकरणका लागि अन्तरिक्ष प्रविधि, तथ्यांक आदानप्रदान र क्षेत्रीय सहकार्य आवश्यक रहेको बताएका छन्।

थाइल्यान्डको बैंककमा संयुक्त राष्ट्रसंघीय एसिया तथा प्रशान्त क्षेत्रीय आर्थिक तथा सामाजिक आयोग (एस्क्याप) द्वारा आयोजित अन्तरिक्ष अनुप्रयोगसम्बन्धी पाँचौं मन्त्रीस्तरीय सम्मेलनलाई सम्बोधन गर्दै उनले हिमाली क्षेत्रमा बढ्दो विपत् जोखिम सामना गर्न प्रविधिको प्रभावकारी उपयोगमा जोड दिए।

उनले लाङटाङ लिरुङको हिमपहिरो तथा बुढीगण्डकी क्षेत्रको पहिरोबाट भएको क्षति उल्लेख गर्दै विपतको कुल प्रभाव करिब २.७ अर्ब अमेरिकी डलर रहेको र पुनर्निर्माणका लागि ४.८ अर्ब डलर आवश्यक पर्ने बताए। मन्त्री श्रेष्ठले सन् २०२६-२०३० का लागि उपग्रहबाट प्राप्त तथ्यांकको साझेदारी, पूर्वसूचना प्रणाली र प्राविधिक सहयोग सुदृढ गर्न आह्वान गरे। साथै, नेपालको हरितगृह ग्यास उत्सर्जनमा योगदान ०.०१ प्रतिशत मात्र भए पनि सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जन हासिल गर्ने प्रतिबद्धता दोहोर्याए। सम्मेलनका क्रममा नेपाल र एस्क्याप को संयुक्त आयोजनामा सगरमाथादेखि सागरसम्म र भोटेकोशी-त्रिशूली विपद्का पाठहरु विषयक क्षेत्रीय संवादसमेत आयोजना हुँदैछ।

● मोरङको केरौनमा १३२ केभी सबस्टेसन निर्माण सम्पन्न, चार्ज गर्ने तयारी

मोरङ/ मोरङको कानेपोखरी गाउँपालिका-२ मा १३२ केभी क्षमताको केरौन सबस्टेसन निर्माण सम्पन्न भएको छ। मोरङसहित आसपासका जिल्लामा विद्युत् आपूर्ति पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउने उद्देश्यले निर्माण गरिएको सबस्टेसनलाई कातिक १४ र १५ गते चार्ज गर्ने तयारी गरिएको छ।

सबस्टेसन सञ्चालनमा ल्याउन पूर्व-पश्चिम १३२ केभी प्रसारण लाइनअन्तर्गत दुहवी-दमक खण्डमा पर्ने केरौन सबस्टेसनमा लाइन लुप इन र लुप आउट गर्ने काम गरिनेछ। यसका लागि शनिबार र आइतबार बिहान ४ बजेदेखि मध्याह्न १२ बजेसम्म दुहवी-दमक १३२ केभी प्रसारण लाइन बन्द गरिने जनाइएको छ।

प्रसारण लाइन बन्द हुने समयमा झापा, इलाम, पाँचथर र ताप्लेजुङका सम्पूर्ण क्षेत्रका साथै मोरङको उर्लाबारी र पथरी आसपासमा विद्युत् आपूर्ति अवरुद्ध हुनेछ। सबस्टेसनमा १३२/३३ केभीका ६३ एमभीए क्षमताका दुईवटा र ३३/११ केभीको २२.५ एमभीए क्षमताको एउटा पावर ट्रान्सफर्मर जडान गरिएको छ। यी उपकरणसहित सबस्टेसनको कुल क्षमता १४८.५ एमभीए रहेको छ।

हाल उक्त क्षेत्रमा दुहवी-रानी-रङ्गेली ३३ केभीको करिब ५० किलोमिटर लामो प्रसारण लाइनमार्फत विद्युत् आपूर्ति हुँदै आएको थियो। केरौन सबस्टेसन सञ्चालनमा आएपछि विद्युत् आपूर्ति हुने लाइनको लम्बाइ घट्ने र त्यसबाट आपूर्ति प्रणालीमा सुधार आउने अपेक्षा गरिएको छ। सबस्टेसनबाट स्थानीय क्षेत्रमा विद्युत् वितरणका लागि ११ केभीका पाँचवटा फिडर लाइन निकालिएका छन् त्यस्तै, केरौन-रङ्गेली र केरौन-विराटचोक ३३ केभी डबल सर्किट प्रसारण लाइनसमेत निर्माण गरिएको छ।

आयोजना निर्माणका लागि २०७८ असारमा ठेक्का सम्झौता भएको थियो। करिब एक अर्ब रूपैयाँ अनुमानित लागत रहेको आयोजना नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणको लगानी तथा एसियाली विकास बैंक (एडीबी) को सहुलियतपूर्ण ऋणमा निर्माण गरिएको हो। केरौन सबस्टेसन सञ्चालनमा आएपछि मोरङ र आसपासका क्षेत्रमा विद्युत् आपूर्ति प्रणालीको क्षमता विस्तार हुनुका साथै आपूर्तिको विश्वसनीयता र गुणस्तरमा सुधार आउने अपेक्षा गरिएको छ।

● माइडियाको कुकिङ रेन्जमा क्यासब्याक सुविधा

घरायसी उपकरण उत्पादक ब्रान्ड माइडियाले आफ्नो फ्री-स्ट्यान्डिङ कुकिङ रेन्जमा क्यासब्याक योजना सार्वजनिक गरेको छ । कम्पनीले दसैं-तिहारजस्ता चाडपर्वमा परिवार, आफन्त र साथीभाइका लागि विभिन्न परिकार तयार गर्न सहज होस् भन्ने उद्देश्यले आधुनिक प्रविधि र बहुउपयोगी सुविधासहितका कुकिङ रेन्ज बजारमा ल्याएको हो । माइडियाका एफएससी-६००बिएक्स र एफएससी-६०१६इएस मोडेल उपलब्ध छन् ।

कम्पनीका अनुसार माइडियाको कुकिङ रेन्जमा ग्यास चुलो र ओभनको सुविधा एउटै उपकरणमा उपलब्ध छ । चाडपर्वमा एकैपटक धेरै परिकार तयार गर्नुपर्ने व्यस्ततालाई ध्यानमा राखेर बनाइएका यी उपकरणले खाना पकाउने समय बचत गर्नुका साथै भान्साको काम व्यवस्थित गर्न सहयोग गर्ने कम्पनीको दाबी छ ।

एफएससी-६००बिएक्समा ६० लिटर क्षमताको ग्यास ओभन छ भने एफएससी-६०१६इएसमा ६१ लिटर क्षमताको विद्युतीय ओभन रहेको छ । उपभोक्ताले आफ्नो खाना पकाउने शैली र आवश्यकताअनुसार यीमध्ये उपयुक्त मोडेल छनोट गर्न सक्नेछन् ।

दुवै मोडेलमा चारवटा ग्यास बर्नर छन् । फरक-फरक आकार र ताप क्षमताका बर्नर भएकाले कम तापमा खाना पकाउनदेखि उच्च तापमा छिटो परिकार तयार गर्नसम्म सहज हुने कम्पनीले जनाएको छ । त्यस्तै, कन्भेक्सन फ्यान, ओभनभित्रको प्रकाश, यान्त्रिक नियन्त्रण प्रणाली र बटन थिचेर बाल्न मिल्ने सुविधा पनि यी उपकरणमा रहेको बताइएको छ । ग्राहकले माइडियाका दुवै मोडेलमा दुई वर्षको वारेन्टी पाउनेछन् ।

प्रतिशोधको...

गठन गर्न नेपाली सेनाका प्रधानसेनापति र हालका प्रधानमन्त्री बालेन साह लगायत सुधन गुरूङको मुख्य भूमिका थियो भने उनीहरूलाई तत्कालिन केपी ओली नेतृत्वको कांग्रेस-एमालेको संयुक्त सरकारका विरोधमा रहेका केही स-साना राजनीतिक दल र सहकारी ठगी प्रकरणमा अदालतको आदेशनुसार पुर्पक्षका लाग जेलमा रहेका रास्वपा सभापति र रास्वपाका धेरै नेताहरूले समर्थन गर्दै सिंहदरबारमा आगजनी भएपछि सिंहदरबार भित्रैबाटै वल्ल पऱ्यो माकुरी जालैमा भन्दै नाँचगान र देखिस् ओली तेरो सिंहदरबारमा आगजनी गरिदियौँ भनेर नाचगान गर्दै खुसी व्यक्ति गरेका थिए । यी सबै तथ्यहरूले प्रमाणित हुन्छ सिंहदरबार लगायत अन्य सरकारी भवन, संसद भवन केही व्यावसायिक भवन र पुराना दल भनिएका शिर्ष नेताहरूका निवासमा आगजनी गर्ने योजना निकै पहिला देखि नै भएको थियो भनेर ।

सुशिला कार्की प्रधानमन्त्रीमा नियुक्त भएकै दिन २०८२ भाद्र २७ गते प्रतिनिधिसभाको सदस्यका लागि निर्वाचन गर्ने घोषणा समेत भयो । त्यही घोषणाको आधारमा २०८२ फागुन २१ गते संसदको निर्वाचन सम्पन्न भयो । सो निर्वाचनका लागि पुराना भनिएका राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा एमाले लगायतका दलहरूलाई जनतासामू जान विभिन्न अवरोधहरु सिर्जना गरियो भने २०८२ भाद्र २३ गतेको विरोध प्रदर्शनमा सहभागि भएका र पानी बाँड्न आएको बताउने सुधन गुरूङसहितका प्रायः सबै व्यक्तिहरु रास्वपामा प्रवेश गराइयो । तर जेनजी आन्दोलनका अगुवाहरु भने बाहिरै रहे । यसै कारणले प्रष्ट हुन्छ जेनजीहरूलाई देखाएर केही व्यक्ति र रास्वपाले पार्टीगत स्वार्थका लागि नै र रास्वपाका सभापति रवि लामिछानेलाई जेलमुक्त गराउने कुटनीतिक षड्यन्त्रका साथ नै भाद्र २४ गते विध्वसात्क कार्य गरेको थियो भनेर ।

२०८२ फागुन २१ गते सम्पन्न भएको संसदको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत पाएको थियो । भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्यको फाइदा लिएकाहरु मध्येका धेरै व्यक्तिहरु रास्वपामा प्रवेश गरेर संसदको निर्वाचनमा गएका हुनाले जनताले उम्मेदवार सम्म नदेखेपनि उनीहरूलाई नै मतदान गरेका थिए । बालेन साह समेत निर्वाचन हुनु भन्दा केही समयअघि मात्र रास्वपामा प्रवेश गरेका थिए भने उनलाई रास्वपा प्रवेश गरैकै दिन भावि प्रधानमन्त्रीका उम्मेदवार भनि रास्वपाले घोषणा गरेको थियो । त्यसबेला बालेनको प्रभाव देखिएको र बालेन साहले नै २०८२ भाद्र २४ गते अब नेपाली सेनाका प्रधानसेनापतिसँग वार्ता गर भन्ने स्टाटस लेखेका र उनैको सक्रियतामा सुशिला कार्की प्रधानमनत्रीमा नियुक्त भएकाले बालेनको मुलुकभर चर्चा चलेकोले रास्वपाले त्यसको फाइदा उठाउनैका लागि बालेनलाई आफ्नै पार्टीमा प्रवेश गराएर पार्टीका वरिष्ठ नेता र भावी प्रधानमन्त्रीको उम्मेदवार भन्दै निर्वाचन अघि मुलुकभरमै दौडाह गराएको थियो ।

बालेन २०८२ चैत्र १३ गते प्रधानमन्त्रीमा नियुक्त भएकै दिनदेखि प्रतिशोधको राजनीतिमा उत्रिएका थिए भने सो क्रम अहिलेसम्म जारी रहेकाले रास्वपा र प्रधानमन्त्री बालेनको विरोध सुरू भएको छ । बालेन सरकारले जनतालाई ढाँटेर रास्वपाको स्वार्थअनुसार अघि बढेको र प्रायः सबै क्षेत्रमा हस्तक्षेपकारी भूमिका खेलेको हुनाले सरकारको विरोध सुरू भएको छ ।

लोकतान्त्रिक व्यवस्थाको धज्जी उडाउने काम समेत बालेन सरकारबाट भएको र बाढी पहिरोबाट पिडितहरूले समेत राहतको महसुस गर्न नसकेको हुनाले पछिल्लो समयमा बालेन सरकारको आलोचनामात्र सुरू भएको होइन लोकतन्त्र र लोकतान्त्रिक व्यवस्थाकै धज्जी उडाउने कार्यमा सरकार लागेको भन्दै रास्वपाकै केही नेता तथा कार्यकर्ताहरूले आवाज उठाउँदै विरोध गरिरहेपनि सरकार भने मौन रहेको छ ।

हुँदाहुँदा भोटेकोशी बाढी पिडितहरूले समेत बालेन सरकारले आफैँले घोषणा गरेको सहयोग आफूहरूले आजसम्म नपाएको भन्दै विरोध गरिरहेका भएपनि सरकार र रास्वपा भने मौन रहनुले जनताले फेरी एकपटक ठुलो धोका पाएको अनुभूति गर्न थालेका छन् । त्यसैले भन्न सकिन्छ प्रतिशोधको राजनीतिको अन्त्य पनि प्रतिशोधबाटै हुन्छ त भन्ने प्रश्न समेत उब्जिएको छ ।

जनताले...

अंगिकार गरेको लोकतान्त्रिक पद्दति अनुसार प्रधानमन्त्री शक्तिशाली हुनु स्वाभाविक भएपनि प्रधानमन्त्रीले मन्त्रिपरिषद्, सम्वैधानिक निकाय र कुटनीतिक संयन्त्रहरूबाट आएका सुझाव, सल्लाह र विपक्षी दलहरूले दिने गरेका सुझाव सल्लाहलाई सन्तुलित रूपमा शक्तिको प्रयोग गर्नुपर्नेमा त्यस्तो देखिएको छैन ।

संसदीय परम्परालाई प्रधानमन्त्रीले अस्वीकार गर्दै संसदमा सांसदहरूले उठाएका जनताका प्रश्नको उत्तर समेत दिने गरेका छैनन् । जनताका प्रश्न सांसदहरूले संसदमा उठाउने हुन् उनीहरूले उठाएका प्रश्नको जवाफ प्रधानमन्त्रीले दिनैपर्दछ । तर उनको आफूलाई संसदभन्दा माथि राख्ने गरेको जस्तो देखिएको छ ।

संसदीय परम्परा भएका प्रायः सबै मुलुकहरूमा चाहे कार्यकारी राष्ट्रपति हुन् चाहे प्रधानमन्त्री हुन् उनीहरूले सांसदले संसदमा उठाएका प्रश्नको जवाफ दिने परम्परा र संसदीय अभ्यास रहेकोमा प्रधानमन्त्री बालेनले त्यसलाई अस्वीकार गर्दै आएका छन् । यस्तो कार्य लोकतान्त्रिक व्यवस्थाको लागि हानिकारक हुन सक्छ ।

पछिल्लो सयमा मात्र होइन बालेन साह प्रधानमन्त्री बने देखि नै देशका बौद्धिक र चेतनशिल समाज भनिएका जनमतको बुझाई अनुसार बालेन सरकार सेनाको अप्रत्यक्ष नियन्त्रणमा रहेको छ भन्ने थालिएको छ । यो कति सत्य हो वा असत्य हो त्यसको लेखाजोखा गर्न भने त्यति सहज छैन/देखिँदैन । नेपालको एकीकरणपछि पनि विभिन्न शक्ति केन्द्रको हातमा सरकार पुगेको थियो ।

जनताको बुझाइनुसार अहिले देशको शासन शक्तिकेन्द्रकै नियन्त्रणमा रहेको छ, भनिन्छ त्यो शक्ति केन्द्र को हो त ? शक्ति केन्द्र प्रत्यक्ष रूपमा संलग्न देखिँदैन । देखिएको छैन तर विगतको जेनजीहरूको आन्दोलनपछिको घटनाले यो संलग्नता देखाएको छ । यसको रहस्य विस्तारै खुल्दै जाला । अहिले केही भन्न सकिने अवस्था देखिँदैन । त्यसका लागि केही समय धैर्यता लिनुपर्ने हुनसक्छ ।

आनी...

आरोपको अनुसन्धान र छानविन हुनुपर्ने टड्कारो आवश्यकता देखिन्छ । आनीले भने आफूमाथि उठेका र उठाइएका प्रश्नहरूको निराकरण पहिला भैसकेको बताउँदै आएकी छन् । उनी विरूद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पनि अनुसन्धान गरेको उनको नियुक्ति खारेज हुनुपर्ने लुम्बिनी बचाउन अभियानले बताएको छ । विभागले २०७५ मा उनीविरूद्ध अनुसन्धान गरेको भएपनि सो फाइल होल्डमा राखिएको र अहिलेसम्म अनुसन्धान नै नभएको विभागको भनाई रहेको छ ।

२०७५ वैशाख २५ गते तत्कालिन मेगा बैंकमा रहेको आनीको खातामा आएको रकमको स्रोत नखुलेपछि विभागले आनीविरूद्ध अनुसन्धान गरेको थियो । हङकङबाट १६ लाख, ४९ हजार ४० अमेरिकन डलर आएकोमा विभाग र राष्ट्रबैंकको वित्तिय जानकारी एकाइले पटक/पटक अनुसन्धान गरेका थिए । विदेशबाट रकम ल्याउँदा अनुमति लिनुपर्ने कुनैपनि इकाइलाई जानकारी दिएको थिएन ।

तत्कालिन विनिमयदर अनुसार करिब २० करोड रूपैँया भित्रिएको र १८ करोड भन्दा बढी रकम भित्र्याउन खोजेको भन्दै राष्ट्रबैँकले रोकेको थियो । अहिलेसम्म त्यसको अनुसन्धान नभएको व्यक्तिले नियुक्ति दिनु जान्नेलाई छान्ने भन्ने सरकारको नियतमाथि नै प्रश्न उठेको छ । यसरी विवादित व्यक्तिलाई नियुक्ति गर्नुपर्ने बाध्यता बालेन सरकारलाई कसरी आयो ? अब त्यस विषयमा अनुसन्धान गरिनु आवश्यक रहेको छ । जनताले त्यस विषयमा प्रश्न उठाईसकेका हुनाले सो विषयका बारेमा सरकारले जनतालाई जानकारी दिनु आवश्यक रहेको देखिन्छ ।

विज्ञापन...

सरकारी विज्ञापनमा विभेद गर्न नपाईने भन्दै २०८२ चैत १८ मा प्रधानमन्त्री तथा मन्त्रीपरिषद् को कार्यालयको निर्णय तथा परिपत्र उत्प्रेषणको आदेशले बदर गरेपश्चात् समेत फैसलाको कार्यान्वयन हुन नसकेको दावी सहित अधिवक्ता लुईंटेलले निर्देशनालयमा निवेदन दायर भएको हो । सो फैसलाको पूर्णपाठमा भनिएको छ, 'सरकारले सार्वजनिक तथा नीजि संचार माध्यमलाई विभेदपूर्ण व्यवहार गर्न, सरकारी सूचना वा विज्ञापनको प्रकाशन प्रशारण गर्दा भेदभाव नगरी व्यवहार गर्न मिल्ने कानुनी व्यवस्था नियमन गर्ने ऐन, २०७६ लगायतमा नरहेको सन्दर्भमा सञ्चारको हक र अन्ततः विचार र अभिव्यक्तिको स्वतन्त्रताको उपभोगमा प्रतिकूल असर गर्नेगरी प्रत्यर्थीबाट मिति २०८२।१२।१८ को निर्णयलाई संविधान र कानुन अनुकूलको मान्न मिलेन । तसर्थ, प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सचिवबाट मिति २०८२।१२।१८ को विवादित निर्णय तथा पत्राचार कायम रहन नसक्ने भएकोले नेपालको संविधानको धारा १३३(२)र(३) बमोजिम उत्प्रेषणको आदेशद्धारा बदर हुने ठहर्छ ।' चैत १८ को विभेदकारी निर्णय तथा परिपत्र बदरको माग गर्दै अधिवक्ता लुईंटेलले सर्वोच्च अदालतमा निवेदन दायर गरेका थिए ।

चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरु संचारमाध्यममार्फत प्रकाशन तथा प्रशारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तह तथा सो अन्तर्गतका निकायहरु तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरु गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका संचार माध्यममा मात्र प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र गरेको थियो ।

सम्भव...

तयारीका लागि विभिन्न कार्यक्रम गरी रहेको बेला नेकपाले एमालेसँग प्रदेश सभा र स्थानीय तहको निर्वाचनका लागि सहकार्य गर्ने उद्घोष गरेको छ ।

एमालेका अध्यक्ष ओली र नेकपाको संयोजक पुष्पकमल दाहालले सहकार्यका लागि दुवै दलले तल्लो तहका कमिटीलाई सहकार्यको खाका तयार गर्न अनौपचारिक निर्देशन दिईसकेका छन् । दुई पार्टीबीच थप विश्वास आर्जन गरीरहेका छन् । माथिबाट नभई स्थानीय तहबाटै स्थानीयस्तरमै बलियो समझदारी बनाउने कार्यमा लागेको एमालेका नेताहरूले बताएका छन् भने नेकपाका नेताहरूले समेत आफूहरूले सहकार्यको सुरूवात गरिसकेको भन्दै आगामी दिनमा सडक सदन र निर्वाचनसम्म पनि सहकार्यको ढोका खोलिसकेको बताउँदै संविधान र लोकतन्त्रको रक्षा लगायतका विषयहरु सहकार्य गर्ने उद्घोष गरिरहेकाले आउँदो प्रदेशसभा र स्थानीय तहको निर्वाचनमा समेत एमाले र नेकपाबीचको सहकार्य हुन सक्ने सम्भावना बढेर गएको छ । प्रदेशसभा र स्थानीय तहको निर्वाचनमा सहकार्य भएको खण्डमा २०८७ सालमा हुने प्रतिनिधिसभाको निर्वाचन हुने बेलासम्ममा नेकपा एमाले र नेकपाबीच पार्टी एकता हुन सक्ने ढोका खुल्न सक्छ ।

यी दुवै पार्टी एक्लाएक्लै निवाचनमा गएको खण्डमा गत फागुन २१ गतेको निर्वाचनमा पराजित भएजस्तै फेरी पराजित हुन सक्ने भय दुवै पार्टीलाई भएको हुनाले उनीहरूबीचमा बलियो र भरपर्दो सहकार्य र त्यसपछि पार्टी एकताले नै बलियो कम्युनिष्ट पार्टी बन्न सक्छ भन्ने हेक्का दुवै दलका नेताहरूलाई होस् ।

बालेन..

कारणले गर्दा अब कसैले पनि दशैं कसरी मनाइस् भनेर कसैलाई सोध्नु जनतालाई गिज्याउने काम बाहेक अन्य केही हुन सक्दैन ।

दशैंका कारण रोकिएका राजनीतिक दलका कार्यहरु सुरू हुन थालेका छन् । पुराना भनिएका राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा एमाले, नेपाल कम्युनिष्ट पार्टी लगायतका राजनीतिक दलहरूले आ आफ्ना कार्यक्रम सार्वजनिक गरिसकेका छन् भने सत्ताधारी दल रास्वपाले भने स्थानीय तहको निर्वाचनलाई ध्यानमा राखेर आफ्नो पार्टीका नेताहरूलाई गाउँ गाउँ पठाउने र जनतासँग भेटघाट गर्ने उद्घोष गरिसकेको छ । सत्ताधारी दल रास्वपाले २०८२ फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनका बेला जनतालाई दिएका आश्वासनहरु अहिले सम्म पुरा भएका छैनन् ।

त्यसबेला रास्वपाले आफ्नो पार्टीको नेतृत्वमा सरकार बनेको खण्डमा १०० दिनभित्रमा विदेशमा रोजगारीका लागि गएका १०० जनालाई सरकारी खर्चमा विदेशबाट नेपाल ल्याएर रोजगारी दिने प्रतिवद्धता जनाएको थियो तर अहिले पनि दिनहुँ सयौँ युवायुवतीहरु रोजागरीका लागि विदेश गईरहेका छन् भने प्रधानमन्त्री बालेन साह भने स्टाटसमार्फत पुराना दलका नेताहरूलाई गाली गलौज गर्दै स्टाटस लेख्नैमा व्यस्त रहेका छन् ।

रास्वपाले निर्वाचनका बेला बालेनलाई रास्वपामा प्रवेश गराएर भावि प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेको हुनाले र बालेन पक्षका धेरै मानिसहरूलाई रास्वपाले टिकट दिएर सांसदको उम्मेदवार बनाएको हुनाले रास्वपाले संसदमा झण्डै दुई तिहाई मत पाउन सफल भएको हो ।

अहिले प्रधानमन्त्री बालेनलाई कहिँ कतैबाट ठुलो चुनौती देखिएको छैन तर उनी एक्लै अघि बढ्न खोजेको खण्डमा रास्वपा नै उनैका लागि अभिषाप बन्न सक्छ । विपक्षी दलहरूसँग समेत राम्रो सम्बन्ध नरहेका र आफ्नै पार्टीभित्र पनि एक्लिनुपर्ने अवस्था आएमा कसैले आश्चर्य नमाने हुन्छ ।

भोटेकोशी...

प्रतिवेदनमा समेत कति परिवारले घरभाडा सहायता रकम पाए, कति पुरानै घरमा फर्किए र कति अन्यन्त्र आश्रय लिएर बसेका छन् भन्ने यकिन विवरण छैन ।

गत भाद्र २६ गते बसेको मन्त्रिपरिषद् को बैठकले विस्थापित परिवारलाई बैकल्पिक बसोबासको व्यवस्था नहुँदासम्म बढीमा ६ महिनासम्मका लागि मासिक आर्थिक सहायता दिने निर्णय गरेको थियो । निर्णयअनुसार ४ जनाको परिवालाई मासिक १५ हजार रूपैँया र त्यो भन्दा बढी सदस्य भए प्रत्येक थप सदस्यका लागि २ हजार रूपैँया थप दिने निर्णय गरेको थियो । सरकारले सहयोगका लागि ३७ करोड रूपैँयाको बजेटबाट स्थानीय तहले पहिचान गरेका ४ हजार १ सय ४८ घरधुरीलाई प्रतिघरधुरी ४५ हजारका दरले नगद वितरण गरेको सरकारी प्रतिवेदनमा उल्लेख गरिएको छ । यसनुसार १८ करोड ४८ लाख ६० हजार वितरण भएको देखिएको छ भने घरभाडा सहायता रकम वितरणको अवस्था स्पष्ट छैन ।

विश्वखाद्य संघ कार्यक्रम, रेडक्रस लगायत संस्थाले पिडितलाई केही रकम सहयोग गराएकोमा त्यो रकमलाई समेत सरकारले सरकारकै राहत कार्यक्रममा पारेको स्थानीय पिडित र स्थानीय जनप्रतिनिधिहरूले बताएका छन् । यसरी सरकारले विभिन्न क्षेत्रबाट दिएको सहायता रकमलाई समेत आफैँले राहत दिएको भन्नु पिडितलाई पिडामाथि पिडा थप्नु बाहेक अन्य केही हुन सक्दैन ।

आर्थिक सहायता निर्णय र कार्यान्वयनमा देखिएको अन्तरले विस्थापितको बसोबासलाई अनिश्चित जस्तै बनाएको पिडितहरूले बताएका छन् । यसरी रास्वपा नेतृत्वको बालेन सरकारले आफ्नै निर्णयलाई समेत उल्लंघन गर्दै पिडितलाई सहायता दिऔँ भन्दै अन्य दातृ निकाय र रेडक्रसहरूबाट दिएको सहायतालाई पनि सरकारी सहायता भन्नु पिडितलाई पिडामाथि पिडा थप्नु बाहेक अन्य केही हुन सक्दैन ।

आलोचना...

रेडियो, टिभीमा प्रकाशित र प्रसारित भएका विषयका बारेमा छानविन गर्नैका लागि प्रेस काउन्सिलको स्थापना भएको लामो समय भएको छ । तर प्रेस काउन्सिलको अधिकारलाई बञ्चित गरेर लेखेकै आधारमा साइबर व्यूरोमा उजुरी गर्नु र व्यूरोले कारबाही गर्नु कुनै सर्तमा पनि उपर्युक्त हुन सक्दैन ।

साइबर अपराध र वाक स्वतन्त्रताबीचको दुरी राज्यले नागरिकको आलोचनालाई कसरी ग्रहण गर्दछ भन्ने व्यवहारमा देखिनुपर्दछ । लोकतन्त्रमा नागरिकले सरकारलाई प्रश्न गर्न पाउनु सुशासनको माध्यम समेत हो । साइबर कानुनको उदेश्य नागरिकलाई मौन बनाउनु होइन सुरक्षित डिजिटल वातावरण सिर्जना गर्नु हो । आलोचनालाई सहज रूपमा लिँदै आलोचनात्मक विचारलाई अपराधसँग मिसाउने दृष्टिकोणले नागरिक र राज्यबीचमा अविश्वासको वातावरण बन्न सक्छ ।

सरकारको आलोचना गर्नु अपराध होइन बरू राज्यलाई सुध्रने मौका दिनु हो । अभिव्यक्ति स्वतन्त्रताका नाममा अरूको अधिकार, उल्लंघन गर्नुपनि स्वतन्त्रता होइन । त्यसैले लोकतान्त्रिक राज्यले यी दुवै सीमाको रक्षा गर्नुपर्दछ । राज्य भनेको जनताको अभिभावक समेत रहेकाले जनताको भलाई गर्नु र सुरक्षा दिन राज्यको दायित्व हो ।

कानुनको उदेश्य आफ्ना नागरिकलाई तर्साएर धम्क्याएर मौन बसाउनु किमार्थ होइन । नागरिकलाई सुरक्षित रूपमा बोल्न, लेख्न सक्ने वातावरण सिर्जना गर्नु राज्यको दायित्व र कर्तव्य पनि हो । तर पछिल्लो समयमा यस्तो अवस्था देखिएको छैन । छापामाध्यम, अनलाईन, टिभी, रेडियो लगायतमा प्रकाशित, प्रसारित लेख, समाचारहरूका विषयमा समेत साइबर कानुन लगाएर पत्रकारहरूलाई दुःख दिने कार्य हुँदै आएको छ ।

साइबर कानुन कसकसलाई लाग्छ त्यसको जानकारी सरकारले जनतालाई दिनुपर्दछ लेखेकै भरमा पत्रकारहरूलाई साइबर कानुन लगाउन खोज्नु किमार्थ उचित हुन सक्दैन । त्यसैले छापा माध्यम, अनलाइन, टिभी, रेडियोमा प्रकाशित प्रसारित समाचारहरूका बारेमा कसैको आपत्ति भए प्रेस काउन्सिलमा उजुरी गरौँ त्यहीबाट निर्णय हुन्छ । नभए अदालत छँदैछ गर्ने । किन साइबर व्यूरोमा जाने ?

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।

ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार